# कार्यपालिकाको निर्णयहरुको कार्यान्वयन प्रगति
# आ.व. ०७७/७८

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
२०७८

# प्रगति पेश गरेको बारे ।

श्रीमान प्रमुख ज्यू ,
विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय ।

उपरोक्त सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ (२)(क) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकाको सचिवको रुपमा कार्य गर्ने र सोहि ऐनको दफा ८४ (२)(ख) बमोजिम कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने, गराउने काम, कर्तव्य र अधिकार भए बमोजिम आ. व. ०७७/७८ मा नगर कार्यपालिकाको निर्णयहरुको कार्यान्वयन प्रगति पेश गरेको व्यहोरा अनुरोध छ ।

नगर कार्यपालिकाबाट आ.व. ०७७/७८ मा २७ वटा (बैठक संख्या ७१-९७) बैठक बसी १८६ वटा निर्णयहरु भएकोमा समग्रमा निर्णयहरुको राम्रो कार्यान्वयन भएको छ । तथापी निर्णयहरुको प्रभावकारी कार्यान्वयनकालागि प्रशासनिक क्षमताको विकास, साधनश्रोतको उपलब्धता, सरोकारवाला वर्गको संलग्नता, विषयगत समितिहरुको क्रियाशीलता र निरन्तर अनुगमन गर्ने पक्षमा थप सुधार गर्नु पर्ने सुझाव पेश गरेको छु । प्रमुखज्यू, उपप्रमुखज्यू लगायत सिंगो कार्यपालिकाको सदाझैं सहयोग पाइरहने अपेक्षा गरेको छु ।

विराटनगर - महानगरपालिका कार्यालय
महाशाखा/शाखा
दर्ता नं. ५४८६
दर्ता मिति ०७८।७।१४

दर्ता
७
०७८।७।१४

प्रस्तोता
उमेश बस्नेत
प्रमुख प्रशासकीय अधिकृत
विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

मिति: २०७८/०७/१४

| कार्यपालिका बैठक संख्या र बैठक मिति | निर्णय नं. | निर्णयको व्यहोरा | जिम्मेवार पदाधिकारी/ महाशाखा | कार्यान्वयनको अवस्था/प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| ७१, २०७७/०४/१३ | १ | विराटनगर महानगरपालिका नगर क्षेत्र भित्र हालको विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण समुदायस्तरमा फैलिन थालेको परिवेशमा महानगरस्तरीय कोरोना भाइरस (कोभिड-१९) संकट व्यवस्थापन समितिवाट मिति २०७७/०४/११ गते मा भएको निर्णयको साथै जनस्वास्थ्य महाशाखा मार्फत नगर क्षेत्रको कोरोनाको अवस्था प्रस्तुत गरिए बमोजिम हालको अवस्था भन्दा पनि संक्रमणको दर अझ बढि भयावह हुदै गएमा CCMC मार्फत लकडाउन घोषणा गर्ने सम्मको अख्तियारी प्रदान गर्ने निर्णय गरियो । | स्वास्थ्य महाशाखा | लकडाउनको निर्णय संगै संघीय सरकारबाट लकडाउन घोषणा भएको | |
| ७२, २०७७/०५/१३ | १ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय मातहतमा खटिने दैनिक ज्यालादारीका जनशक्ति तथा महिला स्वास्थ्य स्वयम्सेविकाहरुको कोभिड-१९ वीमा वापत लाग्ने वीमा शूल्क प्रतिव्यक्ति रु. ३००।० का दरले हुने रकम महानगरपालिकाले व्यहोर्ने निर्णय अनुमोदन गरियो । | आर्थिक प्रशासन महाशाखा | बिमाको शुल्क कार्यालयबाट भुक्तानी गरिएको | |
| | २ | विराटनगर महानगरपालिकाले विश्व्यापी महामारी कोभिड-१९ नियन्त्रणका लागि सञ्चालन तथा व्यवस्थापन गरेको क्वारेन्टाइन स्थलहरुलाई प्रदेश सरकारको समन्वयमा आइसोलेसन सेन्टरको रुपमा व्यवस्थापन गरिएको हुँदा उक्त आइसोलेसनमा राखिएका संक्रमित व्यक्तिहरुलाई पोषणयुक्त खाना व्यवस्थापन गर्न साविकको स्वीकृत दर रु.२५०।० मा थप रु.१५०।० गरी प्रतिदिन रु.४००।० उपलब्ध गराउने निर्णय अनुमोदन गरियो । | स्वास्थ्य/आर्थिक प्रशासन महाशाखा | रु ४०० उपलब्ध गराइएको | |
| | ३ | विराटनगर महानगरपालिका वडा नं.१६ स्थित रानी एरियामा कम्पाउण्ड घेरिएको जग्गामा स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा मार्फत भारतवाट स्थलमार्ग हुदै स्वदेश आउने नेपालहरुका लागि हेल्प डेस्क निर्माण गर्नका लागि करिव ६०० वर्ग मिटर जग्गा उपलब्ध गराउने निर्णय गरियो । | सामान्य प्रशासन महाशाखा/स्वास्थ्य | जग्गा उपलब्ध भइ निर्माधीन अवस्थामा रहेको | |
| | ४ | विराटनगर महानगरपालिकाको फोहोरमैला व्यवस्थापनको साझेदार संस्था वेस्ट मेनेजमेन्ट | सामान्य प्रशासन महाशाखा | उपलब्ध गराइएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ग्रूप प्रा.लि.मा कार्यरत सरसफाईकर्मीलाई विश्व्यापी महामारी कोभिड-१९ नियन्त्रणमा सहयोग पुर्‍याउनका लागि पिपिई र गमवुट उपलब्ध गराउने निर्णय गरियो । | | | |
| | ५ | विराटनगर महानगरपालिकाले समुदायस्तरमा फैलिएको कोभिड-१९ नियन्त्रण तथा न्युनिकरणका लागि पिसिआर जांचमा सहज र सरल बनाउनका लागि नगर क्षेत्रका विभिन्न उद्योगपति, समाजसेबी अन्य महानुभावहरुवाट खरिद गरि महानगरपालिकालाई पिसिआर मेशिन रकम रु.२८,००,०००।०० (भ्याट बाहेक) प्राप्त भएको सो मेशिन कोशी अस्पताल, विराटनगरलाई हस्तान्तरण गरिएको, र उक्त पिसिआर मेशिन उपलब्ध गराउने दाताहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो । | स्वास्थ्य महाशाखा | मेशिन उपलब्ध गराएको | |
| | ६ | नगर प्रमुख श्री भीम पराजुलीलाई मासिक तलव भत्तावाट कट्टाहुने गरि उपलब्ध गराएको पेश्कि रकम रु. ५ लाखलाई अनुमोदन गर्ने निर्णय गरियो । | आर्थिक प्रशासन महाशाखा | पेश्की उपलब्ध गराई फर्स्योट समेत भएको | |
| | ७ | भू-उपयोग कार्यान्वयन उप-समितिवाट प्राप्त भू-उपयोग कार्यविधि २०७७ को मस्यौदा अध्ययनका लागि सम्पूर्ण कार्यपालिका सदस्यहरुलाई उपलब्ध गराउने निर्णय गरियो । | शहरी पूर्वाधार महाशाखा | उपलब्ध गराइएको | |
| | ८ | ११ नं. वडा कार्यालयमा विद्युत सम्बन्धी कामकाजको लागि दैनिक ज्यालादारीमा कार्यरत विश्वेश्वर पासवान कोभिड-१९ बाट संक्रमित भएको र निजको श्रीमती समेत विरामी भई शल्यक्रिया गर्नुपर्ने भएको हुँदा निज पासवानलाई महानगरपालिकाको तर्फबाट रु.२५,०००।० ( पच्चिस हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो । | आर्थिक प्रशासन महाशाखा | सहायता उपलब्ध गराइएको | |
| | ९ | विराट अस्पताल प्रा.लि.का कार्यकारी निर्देशक डा.ज्ञानेन्द्रमान सिंह कार्कीले उक्त अस्पतालमा कोभिड-१९ को संक्रमण फैलिएपछि महानगरपालिकाले चालेको कदमको विषयमा सञ्चारमाध्यममा महानगरपालिकाप्रति निन्दाजनक भाषा प्रयोग गरेको प्रति खेद प्रकट गर्ने निर्णय गरियो । | कार्यपालिका | कार्यपालिकाबाट खेद व्यक्त भएको | |
| | १ | विराटनगर विमानस्थललाई अन्तर्राष्टि्रय स्तरको रुपमा विकास, विस्तार र स्तरोन्नति गर्न तयार पारिएको गुरुयोजना कार्यान्वयनका लागि प्रदेश नं. १ सरकार, विराटनगर महानगरपालिका र नेपाल | प्रमुख प्रशासकीय अधिकृत | समझदारी पत्रमा हस्ताक्षर भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७३, २०७७/०६/१९ | | नागरिक उड्डयन प्राधिकरणबीच तपसिल बमोजिमको समझदारीलाई स्वीकृत गरी उक्त समझदारी पत्रमा महनगरपालिकाको तर्फबाट नगर प्रमुख श्री भीम पराजुलीको समउपस्थितिमा प्रमुख प्रशासकीय अधिकृत श्री इन्द्रमणि पोखरेलले दस्तखत गर्ने निर्णय गरियो । | | | |
| | २ | निर्णय नं. २ अनुसारको समझदारी पत्र बमोजिम विराटनगर विमानस्थल विकास, विस्तार र स्तरोन्नति गर्दा महानगरपालिकाले व्यहोर्नुपर्ने १०% (दश प्रतिशत) हिस्सामध्ये चालु आ.व.को हिस्सा यकिन गरी आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो । | योजना महाशाखा | नगर सभामा पेश भएको तर बजेट स्वीकृत नभएको | |
| | ३ | यस महानगरपालिकाबाट सञ्चालन गरिएका क्वारेन्टाइन, आइसोलेसन सेन्टरमा खटिने सुरक्षाकर्मी, स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई उक्त क्वारेन्टाइन□आइसोलेसन सेन्टरमा रहने कोरोना संक्रमितहरुको लागि उपलब्ध गराइने बमोजिमको खाना□खाजा उपलब्ध गराउने र सोको भुक्तानी विपद् व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो । | स्वास्थ्य/आर्थिक प्रशासन महाशाखा | रकम उपलब्ध गराइएको | |
| ७४, २०७७/०६/२० | १ | विराटनगर विमानस्थललाई अन्तर्राष्ट्रिय स्तरको रुपमा विकास, विस्तार र स्तरोन्नति गर्न तयार पारिएको गुरुयोजना कार्यान्वयनका लागि प्रदेश नं. १ सरकार, विराटनगर महानगरपालिका र नेपाल नागरिक उड्डयन प्राधिकरणबीच सह–लगानीका लागि मिति २०७७□०६□१९ मा भएको समझदारीपत्र कार्यपालिका बैठकमा पेश भई जानकारी प्राप्त भयो । | प्रमुख प्रशासकीय अधिकृत | जानकारी भएको | |
| | २ | विराटनगर महानगरपालिका वडा नं. ३ स्थित पोखरीया मा.वि.बाट माग भए बमोजिम पूर्वाधार विकासको लागि आवश्यक न्यूनतम जग्गा १० (दश) कठ्ठा विराटनगर महानगरपालिका वडा नं. ३, कञ्चनबारी स्थित श्री सत्यनारायण मन्दिरको महानगरपालिकालाई दिइएको जग्गाबाट पोखरीया मा.वि.लाई उपलब्ध गराउनको लागि निर्णय गर्न श्रीमान् नगर प्रमुखज्यूलाई अधिकार दिने निर्णय गरियो । | सामान्य प्रशासन महाशाखा | प्रत्यायोजित अधिकार बमोजिम जग्गा प्रदान गर्ने निर्णय भएको | |
| | ३ | विराटनगर महानगरपालिकाले तयार गरी पेश भएका सहकारी नियमावली २०७७, सहकारी संस्था एकिकरण सम्वन्धि कार्यविधि २०७७, सहकारी संस्था दर्ता दिग्दर्शन २०७७, भवन निर्माण मापदण्ड २०७७ (संशोधन), महानगर प्राविधिक शिक्षालय सञ्चालन कार्यविधि २०७७ र भू-उपयोग कार्यविधि २०७७ थप अध्ययन गरी | आर्थिक विकास/ शहरी पूर्वाधार/ शैक्षिक प्रशासन | अध्ययन गरी पेश भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आगामी बैठकमा पुन: छलफल गर्ने निर्णय गरियो । | | | |
| | ४ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी श्री अमित कामतलाई कर्मचारी कल्याणकोषबाट ऋण सहयोग वापत रु. ३,००,०००।०० (तीन लाख) उपलव्ध गराउने निर्णय गरियो । | आर्थिक प्रशासन महाशाखा | ऋण उपलब्ध गराइएको | |
| | ५ | नगरको फोहोरमैला व्यवस्थापनको लागि हाल साझेदार रहेको संस्थासंगको सम्झौता आगामी बैशाखदेखि समाप्त हुनलागेको सन्दर्भमा आगामी समयमा उचित तथा प्रभावकारी फोहोरमैला व्यवस्थापनका लागि अध्ययन गरी महानगरले अपनाउनुपर्ने रणनीति तथा कार्यदिशा सहित आउंदो कात्तिक मसान्तभित्र प्रतिवेदन पेश गर्नेगरी ई.भरत कुमार न्यौपानेको संयोजकत्वमा ई.अर्जुन थापा, अनिता न्यौपाने, ई.सुदीक्षा कार्की र हीरालाल यादव सदस्य रहनेगरी पांच सदस्यीय समिति गठन गर्ने निर्णय गरियो । | वातावरण तथा विपद व्यवस्थापन महाशाखा | समिति गठन भइ प्रतिवेदन पेश गरियो | |
| ७५, २०७७/०६/२८ | १ | विराटनगर महानगरपालिकाको लागि प्रस्तावित तपसिल बमोजिमका नियमावली, निर्देशिका तथा कार्यविधि तथा दिग्दर्शन नगर प्रमुखले प्रमाणित गर्ने गरी पारित गर्ने निर्णय गरियो ।<br>तपसील:<br>क. महानगर बहुप्राविधिक विद्यालय संचालन नियमावली, २०७७<br>ख. भवन निर्माण मापदण्ड, २०७७ (संशोधन)<br>ग. सहकारी नियमावली २०७७, सहकारी संस्था एकिकरण सम्बन्धि कार्यविधि २०७७ र सहकारी संस्था दर्ता दिग्दर्शन २०७७<br>घ. “घ” वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धि नियमावली २०७७ | प्रमुख | प्रमाणीकरण भइ कार्यन्वयन भइरहेको | |
| | २ | शिक्षालय संचालनका लागि आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने जिम्मेवारी महानगरपालिकाको हुनेछ र माथि निर्णय नं. १ (क) बमोजिम महानगर प्राविधिक शिक्षालय निर्देशिका २०७७ कार्यान्वयनको लागि निम्नानुसार गर्ने निर्णय गरियो ।<br>क) महानगर बहुप्राविधिक शिक्षालय संचालनका लागि महानगर बहुप्राविधिक शिक्षालय र सामुदायिक विद्यालय बीच सम्झौता गर्ने अधिकार नगर प्रमुखलाई दिने ।<br>ख) प्राविधिक शिक्षालय सचालनको लागि आवश्यक प्राचार्य(प्रिन्सिपल) नवौं तह, लेखापाल पांचौतह र कार्यालय सहयोगीको | शैक्षिक प्रशासन महाशाखा | सम्झौता भएको<br><br>पदपूर्ति कार्यवाही भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पदपूर्ति सम्बन्धमा महानगर कर्मचारी व्यवस्थापन ऐन, २०७६ बमोजिम गर्ने ।<br>ग) शैक्षिक सत्र २०७७।०७८ को विद्यार्थीको शुल्क ३ (तिन) वर्षको रु.१५०,०००।०० लिने सम्बन्धमा नगर प्रमुखले गरेको निर्णयलाई अनुमोदन गर्ने । | | निर्णय बमोजिम शुल्क लागु भएको | |
| | ३ | श्री के.एल. निर्माण सेवा विराटनगर १, श्री रोयल व्लु ल्याडर कन्स्ट्रक्सन एण्ड सप्लायर्स विराटनगर ६ र श्री एम. आर. पी. निर्माण सेवा विराटनगर ११ लाई मिति २०७६।१०।२६ को निर्णयानुसार निर्माण व्यवसाय इजाजतपत्र प्रदान गर्न नगर प्रमुखले गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । | राजश्व व्यवस्थापन महाशाखा | इजाजतपत्र प्रदान भएको | |
| | ४ | विराटनगर महानगरपालिका, १६ नं. वडा कार्यालय भवन निर्माणका लागि आवश्यक जग्गा १(एक) कठ्ठा बोलपत्र मुल्यांकन समितिवाट मिति २०७७/०६/२६ गते भएको सिफारिस अनूसार प्रहरी तालिम केन्द्र (केमिकल मार्ग) पुर्व रानीपथ देखि पश्चिम तर्फ जाने दूवै तर्फ पक्की नाला भएको कम्तिमा २० फिटे पिच वा ग्राभेल सडकसंग टांसिएको क्षेत्रमा जग्गाको चलनचल्ती मुल्य प्रतिकठ्ठा रु.४०,००,०००।०० (चालिस लाख )का दरले किनबेच भई रहेको र मालपोत कार्यालय मोरगंवाट अद्यावधिक गरि प्रकाशित भएको न्युनतम मुल्यांकन पूस्तिकामा साविक विराटनगर वडा नं.१९,२०,२१ र २२ को घ वर्गमा नापी भएको जग्गाको न्युनतम मुल्यांकन प्रति कठ्ठा रु.२३,००,०००।००(तेईस लाख मात्र) कायम भएकोमा सर्जमिनका आधारमा चलन चल्तीको किनबेचको मुल्य प्रति कठ्ठा रु.४०,००,०००।०० (चालिस लाख) रहेकोले सोहीलाई आधारमानी उल्लेखित क्षेत्रभित्रको जग्गा खरीदका लागि सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ बमोजिम बोलपत्र प्रकाशित गर्ने निर्णय गरियो । | सामान्य प्रशासन महाशाखा | बोलपत्रको सूचना निकालिएको तर खरिद नभएको | |
| | ५(क) | कोभिड १९ नियन्त्रण तथा रोकथामका लागि संचालनमा रहेका क्वारेन्टाईन तथा आईसोलेशन केन्द्रहरु, होल्डिगं सेन्टर तथा होम आईसोलेसनमा रहेका व्यक्ति/संक्रमितहरुलाई आवश्यकताको आधारमा अस्पताल, आवत जावत तथा स्वाव संकलन केन्द्रमा ल्याउन पुर्‍याउन प्रयोगमा रहेका सवारी साधनमा कार्यरत चारजना चालक क्रमश: पोखरीया मा.वि.को(फिर्ता भैसकेको) भारी सवारी चालक १ जनालाई दैनिक चिया खाजा खाना | आर्थिक प्रशासन महाशाखा/स्वास्थ्य | उपलब्ध गराइएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | तथा आयकर समेत रु.३०००।००, नेपाल रेडक्रस सोसाईटीबाट उपलव्ध एम्बूलेन्स हलुका सवारी चालक १ जनालाई निजले आफ्नो कार्यालयबाट मासिक पाउने तलब रु.१९९८०।०० समेतलाई समायोजन गरी दैनिक चिया खाजा खाना तथा आयकर समेत रु.१३३४।००, नोबेल मेडिकल कलेजबाट उपलव्ध एम्बुलेन्स चालक हलुका सवारी चालक १ जनालाई दैनिक चिया खाजा खाना तथा आयकर समेत रु.२०००।०० र नगरपालिकाको एम्बूलेन्स चालक १ जनालाई रु.१०२४।०० दैनिक मिति २०७७।०२।२७ देखि कार्यरत रहुन्जेलसम्म उपलव्ध गराउने निर्णय गरियो । | | | |
| | ५(ख) | विराटनगर २ स्थीत महेन्द्र रात्री मा.वि.मा कक्षा ५ सम्म दिउसो र कक्षा ६ देखि १० सम्म सांझ(रात्री)मा विद्यालय संचालन हुने विद्यालय सहयोगी एकजनालाई  दुवै समयमा एउटै पारिश्रमिकमा कामकाजमा खटाउन न्यायोचित नहुने भएकोले विद्यालयको माग बमोजिम मासिक थप रु.४०००।०० विविध खर्च शिर्षकबाट उपलव्ध गराउने निर्णय गरियो । | शैक्षिक प्रशासन महाशाखा | उपलब्ध गराइएको | |
| | ६ | वेष्ट मेनेज्मेन्ट ग्रुप नेपालले विराटनगर महागरपालिकामा मिति २०७६।०६।२१ मा महानगरद्वारा संचालित क्वारेन्टाईन तथा आईसोलेशन सेन्टरहरुबाट निस्किएको फोहोर संकलन, ढुवानी र ल्याण्डफिल व्यवस्थापन गरेवापत मिति २०७७।०२।२५ देखि २०७७।०६।०६ सम्मको रकम रु.४२११५५।०० माग भएको सन्दर्भमा कोभिड १९ को महामारीको समयमा संक्रमितहरुको समेत उल्लेखित जोखिमयुक्त कार्य गरेकोमा प्रति ट्रेक्टर रु.५३००।०० (फोहोर जलाउने इन्धनसमेत) कार्य गरेवापत २०७७।०६।०६ सम्मको ६७ ट्रिपको रकम रु.३५५१००।०० उपलव्ध गराउने । साथै उक्त समय उप्रान्त फोहोर व्यवस्थापनको कार्यतालिका तयारगरी सबै आईसोलेसन केन्द्रहरुबाट निस्कने फोहोरलाई एकिकृत रुपमा प्रतिट्रिप रु.५३००।०० का दरले मासिक बढिमा १६ ट्रिप नियमित संकलन गराउने निर्णय गरियो । यसको भूक्तानी विपद व्यवस्थापन कोषबाट गर्ने । | वातावरण तथा विपद व्यवस्थापन महाशाखा | रकम उपलब्ध गराइएको | |
| | ७ | सामाजिक विकास समितिको मिति २०७७।०६।२७ को निर्णयानुसार नगर कार्यपालिकामा निम्नानुसारको सिफारिस प्राप्त भएकोमा सम्बन्धित | सामाजिक विकास महाशाखा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वडाहरुबाट यसको प्रभावकारी कार्यान्वयन गर्ने निर्णय गरियो ।<br>क) सामाजिक सुरक्षा ऐन २०७५ को दफा १५ मा कुनै सरकारी वा सार्वजनिक पदमा मनोनित भएको व्यक्ति, सरकारी कोषबाट निवृत्त भरण पाईरहेका व्यक्ति र अन्य कुनैपनि प्रकारले नियमित पारिश्रमिक, निवृत्तभरण, अवकास सुविधा एवं अन्य सुविधा पाईरहेका व्यक्तिले सामाजिक भत्ता नपाउने ।<br>ख) शैक्षिक संस्था, स्वास्थ्य संस्था, मठ मन्दिर, धार्मिक स्थल लगायत सार्वजनिक स्थलको १०० मिटरको क्षेत्रभित्र मदिराजन्य तथा सूर्तिजन्य पदार्थको बिक्री वितरण तथा प्रयोगमा पुर्णतया निषेध गर्ने ।<br>ग) मठ मन्दिर, धार्मिक स्थलको १०० मिटरको क्षेत्रभित्र मासुजन्य पदार्थ मन्दिर वरीपरि रहन नहुने तथा पशुपंक्षि काटमार गर्न निषेध गर्ने गरी कार्यान्वयनका लागि वडा कार्यालयहरुमा पत्राचार गर्ने । | | सामाजिक भत्ता नपाउने गरी अभिलेख बाट विवरण हटाइएको<br><br>प्रचार प्रसार भएको, पूर्णतया निषेध नभएको<br><br>पत्राचार भएकोमा कार्यान्वयन नभएको | |
| | ८ | विराटनगर महानगर भू-उपयोग कार्यविधि २०७७ को मस्यौदामा छलफल गर्दा थप अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार | अध्ययन गरी अर्को बैठकमा पेश भएको | |
| ७६, २०७७/०७/०५ | १ | विराटनगर महानगरपालिका क्षेत्रीय शहरी विकास परियोजना, परियोजना कार्यान्वयन इकाईको परियोजनाको स्कोप भित्र रहेको अत्यावश्यक B2 Westward Road Side Drain cover तथा Bargachhi Chowk eastward (about 800m in length) and Keshaliya Road (about 910m in length) Road and Lanes Improvement को कार्य थप गर्न पुष्टाई साथ DSC वाट सिफरिस भइ आएकोले निजले पेश गरेको १.१५% Increment समेतको न.पा. वाट १००% व्यहोरिने खानेपानी पाइपलाइन विस्तारको PS को काम समेत Original Contract Amount को १७.१३% थप रहेको जम्मा रु.३०५८४८८१९५।७० (VAT र PS समेत अक्षरुपी तीन अर्व पाच करोड चौरासी लाख अठासी हजार एक सय पन्चानब्बे र पैसा सत्तरी मात्र) र खानेपानी पाइप लाइन विस्तार वाहेक सुरु सम्झौताको १५.६०% थप रहेको जम्मा | RUDP | सहमतिको लागि PCO/ADB मा पठाइएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रु.३०१८४८८२२८।७७ ( VAT र PS समेत अक्षरुपी तीन अर्व एक करोड चौरासी लाख अठासी हजार दुइ सय अठाइस र पैसा सतत्तर मात्र) स्विकृत गरि सहमतिको लागि PCO/ADB पठाउने निर्णय गरियो । | | | |
| ७७, २०७७/०७/२७ | १ | विराटनगर महानगरपालिका र सि.टि.भि.टी.को साझेदारीमा विराटनगर महानगरपालिका वाट संचालन गरेको महानगर वहु प्राविधिक शिक्षालयमा अध्यायन गर्नका लागि तपसिल बमोजिमका करार सेवामा कार्यरत कर्मचारीले अध्यानका लागि सहमति माग भएको हुनाले कार्यालयको समय र कार्यमा कुनै प्रकारको वाधा नपर्ने गरि अध्यान गर्नका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।<br>तपसिल:<br>**कं.स. कर्मचारीको नाम पद अध्ययन गर्ने तह**<br>१ सौरभ चम्लागाई अमिन सिभिल ईन्जिनियरिङ्ग<br>२. शिव शंकर साह अमिन जियोमेट्रिक<br>३. उमेशचन्द्र घिमिरे अमिन जियोमेट्रिक | सामान्य प्रशासन महाशाखा | सहमति प्रदान गरिएको | |
| | २ | आ.व. २०७७/०७८ वार्षिक कार्यक्रम र योजनाहरु संचालनका लागि श्री जिल्ला प्रशासन कार्यालय, मोरगंवाट आ.व. २०७७/०७८ का लागि पारित जिल्ला दररेटका आधारमा यस महानगरपालिकाका लागि दररेट विश्लेषणलाई पारित गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार | पारित दररेट लागु गरिएको | |
| ७८, २०७७/०८/१९ | १ | विराटनगर महानगरपालिकाको फोहोरमैला व्यवस्थापन सम्बन्धी प्रतिवेदनमा छलफल भयो । प्रतिवेदन अध्ययन गरी फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन के कसरी गर्न सकिन्छ, १५ (पन्ध्र) दिनभित्र विस्तृत प्रतिवेदन तयार गर्न श्री बिनोद कुमार बस्नेतको संयोजकत्वमा तपसिल बमोजिमको समिति गठन गर्ने र उक्त समितिले अन्य कार्यपालिका सदस्य सहित सम्बन्धित विज्ञहरु समेत आमन्त्रण गरी अध्ययन तथा छलफल गर्नसक्ने निर्णय गरियो ।<br>१) श्री बिनोद कुमार बस्नेत, कार्यपालिका सदस्य – संयोजक<br>२) श्री विजय कामत, कार्यपालिका सदस्य – सदस्य<br>३) श्री निश्चल अर्याल, कार्यपालिका सदस्य – सदस्य | वातावरण तथा विपद व्यवस्थापन | छलफल गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ४) श्री बद्रीनारायण सरदार, कार्यपालिका सदस्य – सदस्य | | | |
| | २ | कार्यपालिकाबाट पारित हुन पेश भएको भू-उपयोग कार्यविधि २०७७ को सम्बन्धमा आगामी ५ (पांच) दिनभित्र लिखित सुझाव तथा प्रतिक्रिया दिने । कुनै पनि सुझाव, प्रतिक्रिया नआएमा पेश भए बमोजिमको कार्यविधिलाई स्वत: स्वीकार गरेको मानिने निर्णय गरियो । | शहरी पूर्वाधार | सुझाव प्रतिक्रिया प्राप्त भएको | |
| | ३(क) | यस महानगरपालिकामा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा तपसिल पदमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई दरबन्दी सिर्जना गरी यस आ.व.मा विपद व्यवस्थापन कोषबाट तलबभत्ता दिनेगरी व्यवस्थापन गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।<br>तपसिल:<br>(१) नर्सिङ अधिकृत, सातौं – २ जना<br>(२) ल्याव टेक्निसियन, पाचौं – १ जना<br>(३) कविराज, चौंथो – १ जना | सामान्य प्रशासन | कर्मचारी कार्यरत रहेको | |
| | ३(ख) | उपरोक्त बाहेकका अन्य सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा तपसिल पदमा कार्यरत करार सेवाका कर्मचारीहरुलाई आधारभूत स्वास्थ्य केन्द्रमा व्यवस्थापन गरिएको निर्णयलाई अनुमोदन गर्ने, साथै खोप सहायक (चौंथो तह) पद सिर्जना गरी मिति २०७७।०८।०३ को निर्णयानुसार नियुक्त खोप सहायकलाई मिलान गरी महानगरपालिकाको आन्तरिक स्रोतबाट तलबभत्ता व्यवस्थापन गर्ने निर्णय गरियो ।<br>तपसिल:<br>(१) स्टाफ नर्स, पाचौं – ३ जना<br>(२) हेल्थ असिस्टेन्ट, पाचौं – १ जना<br>(३) अ.हे.व., चौंथो – ७ जना<br>(४) अ.न.मि., चौंथो – २१ जना<br>(५) कार्यालय सहयोगी – २ जना | सामान्य प्रशासन/ आर्थिक प्रशासन | कर्मचारी कार्यरत रहेको, तलब भत्ता व्यवस्थापन गरिएको | |
| | ३(ग) | कोभिड १९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारीहरुलाई प्रोत्साहन गर्न २०७७ कार्तिक मसान्तसम्मको जोखिम भत्ता/अतिरिक्त समय भत्ता/खाजा खर्च दिने गरिएको मिति २०७७/०७/०४ को निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । | आर्थिक प्रशासन | भत्ता/खाजा खर्च उपलब्ध गराइएको | |
| | ४ | नगरवासीको सहजताका लागि वडा कार्यालयमा थप जिम्मेवारी तथा अधिकार प्रत्यायोजन गर्ने जानकारी प्राप्त भयो । | प्रमुख प्रशासकीय अधिकृत | रु १० लाख सम्मको योजना सम्झौता गर्न | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अधिकार प्रत्यायोजन गरिएको (वडा नं १-१२) | |
| | ५ | विश्व महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) बाट संक्रमित भई आइसोलेसनमा बस्ने/बसेका यस महानगरपालिकाका कर्मचारी तथा शिक्षकहरुलाई प्रमाण संलग्न गरी अधिकतम २१ दिन बराबरको कोभिड संक्रमित भनी विदा दिने निर्णय गरियो । | सामान्य प्रशासन/ शैक्षिक प्रशासन | विदा सुविधा प्रदान गरिएको | |
| | ६ | विराटनगर महानगरपालिका वडा नं. १२ स्थित सामुदायिक भवनमा कोरोना भाइरस (कोभिड १९) संक्रमितहरुलाई राख्न सञ्चालन भएको आइसोलेसन केन्द्र निर्माणको लागि खर्च भएको रकममध्ये महानगरपालिकाको तर्फबाट अधिकतम रु. ५ लाख विपद व्यवस्थापन कोषबाट नियमानुसार भुक्तानी दिने निर्णय गरियो । | वातावरण तथा विपद व्यवस्थापन | भुक्तानी दिईएको | |
| | ७ | विराटनगर महानगरपालिकाको स्वामित्वमा रहेका भौतिक साधन तथा उपकरण सञ्चालन सम्बन्धी कार्यविधि २०७७ आवश्यक अध्ययन गरी सुझाव तथा प्रतिक्रिया सहित आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो । | सामान्य प्रशासन | बैठकमा पेश भएको | |
| | ८ | विराटनगर महानगरपालिकाको यस आ.व.को प्रथम चौमासिक आय/व्यव विवरण जानकारी भयो । राजश्व वृद्धिमा थप पहल गर्ने निर्णय गरियो । | आर्थिक प्रशासन/ राजस्व व्यवस्थापन | स्वयसेवक र अनलाईन व्यवस्थापन गरियो | |
| | ९ | विराटनगर ११ स्थित बसपार्कको पार्किङ शूल्क सङ्कलनको लागि विराटनगर महानगरपालिका र बसपार्क व्यवस्थापन समितिबीच सम्झौता भए बमोजिम कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि घोषित लकडाउन अवधिमा प्राप्त हुनुपर्ने किस्ता रकमको जरिवाना छुट गर्ने निर्णय गरियो । | राजश्व व्यवस्थापन | जरिवाना छुट दिईएको | |
| | १० | कोभिड १९ नियन्त्रणका लागि कोशी अस्पतालले प्रयोगमा ल्याएको एम्बुलेन्स भाडा वापत ३,७२,०००।० कोशी अस्पतालसंग सम्झौता गरी भुक्तानी दिने निर्णय गरियो । | वातावरण तथा विपद/ आर्थिक प्रशासन | सम्झौता गरी भुक्तानी गरिएको | |
| | ११ | कोभिड १९ उपचारका लागि नागरिक केयर सेन्टरको माग बमोजिम रु.२५ लाख सम्झौता गरी उपलब्ध गराउने निर्णय गरियो । | वातावरण तथा विपद/ आर्थिक प्रशासन | सम्झौता गरी भुक्तानी गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १२ | २०७७ मंसिर २३ गते सोमबार दिनको २:०० बजे ढल शूल्क सम्बन्धी छलफलको लागि सम्बन्धित वडाका वडा अध्यक्षहरुसहित बैठक बस्ने निर्णय गरियो । | राजश्व व्यवस्थापन | बैठक बसेको | |
| | १३ | विराटनगर महानगरपालिकाको आ.व. २०७७/०७८ को लागि पारित वार्षिक नीति, कार्यक्रम तथा बजेट बमोजिम संघसंस्था अनुदानतर्फ मारवाडी सेवा सदन, अतिथि सदन, जैन स्वेताम्बर तेरापंथी समाज, काली प्रित्य धर्मशाला, जानकी सेवा सदन (रामजानकी सेवा सदन भएकोले) र नेपाल रेडक्रस सोसाईटि मोरंगलाई विनियोजन गरिएको रकम उक्त सदन/संस्थाहरुमा यस महानगरपालिकाले आइसोलेसन/क्वारेन्टाइन/स्वाब सङ्कलन केन्द्र सञ्चालन तथा अन्य कार्यमा गरिरहेकोले उक्त संस्थाहरुको माग बमोजिम स्वीकृत बजेट अनुसार उपलब्ध गराउने निर्णय गरियो । | सामाजिक विकास महाशाखा | उपलब्ध गराइएको | |
| | १४ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत सामान्य प्रशासन महाशाखा प्रमुख अर्जुन थपलियालाई ४,००,०००।० (रु. चार लाख) र ना.सु. ईन्दिरा काकीलाई ४,००,०००।०० (रु. चार लाख) कर्मचारी कल्याणकोषबाट ऋण सहयोग उपलव्ध गराउने निर्णय गरियो । | आर्थिक प्रशासन | ऋण उपलब्ध गराइएको | |
| | १५ | महानगरपालिकाको विभिन्न वडा अन्तर्गत आ.व. ०७६/०७७ र ०७७/०७८ सम्म सडक मर्मतका लागि २४२९ घन मिटर मिक्सगिट्टि सप्लाईका लागि वोलपत्र आव्हान भई सडक मर्मत कार्य भैरहेकोमा लामो वर्षाका कारणबाट मिक्सगिट्टिको माग वडास्तरबाट बढि भएकोले प्राविधिकवाट पेश भएको संशोधित लागत अनुमान अनुसार ३०१० घन मिटरलाई स्वीकृत गरी थप नपुग रकम मर्मत सम्भार शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । उक्त कार्यको म्याद पौष मसान्त सम्म थप गर्ने समेत निर्णय गरियो । | शहरी पूर्वाधार | कार्य सम्पन्न भइ भुक्तानी भएको | |
| | १६ | भारतीय दुतावासको सहयोगमा निर्माणधिन आरोहण गुरुकुलको थिएटर भवन निर्माणको क्रममा विद्युत सामाग्री समेतको कार्य थप गर्नपर्ने भएकोले दुतावासबाट प्राप्त भएपछि सोधभर्ना हुनेगरी अपुग रकम मर्मत सम्भार शिर्षकवाट खर्च गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार/ आर्थिक प्रशासन | कार्यालयबाट खर्च भएको, सोधभर्ना प्रास नभएको | |
| | १७ | विराटनगर महानगरपालिका वडा नं. ३ मा रहेको धर्मशाला मार्गमा नाला तथा पिच निर्माण भैरहेको अधुरो कार्यको आ.व. ०७७/०७८ स्विकृत नीति तथा कार्यक्रममा रु.१३,२०,१६८।० | शहरी पूर्वाधार/ आर्थिक प्रशासन | कार्य सम्पन्न भइ भुक्तानी गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | दायित्व सर्न पर्नेमा भुलबस रु.२,३२,९७१।० मात्र दायित्व सरेकोले नपुग रकम रु.१०,८७,१९७।० मर्मत सम्भार शिर्षकवाट खर्च गर्ने निर्णय गरियो । | | | |
| | १८ | महानगरपालिकाको आन्तरिक आय विज्ञापन कर र सडक पूर्वाधार उपयोग सेवा शूल्क सम्बन्धी ठेक्काको सूचना नियमानुसार तीन पटकसम्म प्रकाशित गर्दा समेत ठेक्का लाग्न नसकेकोले ठेक्का रकम परिमार्जनसहित पून: ठेक्काको प्रक्रिया अघि बढाउन नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो । | राजश्व व्यवस्थापन | ठेक्का व्यवस्थापन भएको | |
| | १९ | ठेकेदार गोविन्द बहादुर कार्की, सुनवर्षी २ ले मिति २०७७/०८/०३ मा पेश गरेको ठेक्का रकम छुट मिनाहा सम्बन्धी निवेदन उपर छलफल गर्दा मिति २०७७/०४/१६ देखि २०७७/०५/२२ सम्म घोषित लकडाउन अवधिको सडक पूर्वाधार उपयोग सेवा शूल्क छुट दिने प्रक्रियाका लागि नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो । | राजश्व व्यवस्थापन | छुट दिएको | |
| | २० | विराटनगर महानगरपालिकाको वारुणयन्त्र शाखालाई नगर प्रहरी मातहतमा राखी सञ्चालन गर्ने/गराउने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । | सामान्य प्रशासन | कार्यन्वयन भएको | |
| | २१ | राष्ट्रिय अपाङ्ग महासंघ नेपालले मिति २०७७/०८/१५ गते दिएको निवेदन अनुसार वडा नं. १२ साविक बखरी ४ को कि.नं. ३०१३ को ०-०-५-३ को जग्गा खरीद गरेको र उक्त जग्गाको दक्षिणतर्फ रहेको ऐलानी जग्गा ०-०-१६-० क्षेत्रफलको संरक्षणका लागि माग भए अनुसार उक्त जग्गालाई एकिन गरी संरक्षणका लागि दिने अधिकार नगर प्रमुखलाई अख्तियारी दिने निर्णय गरियो । | सामान्य प्रशासन | कार्यन्वयन भएको | |
| | २२ | कोशी अस्पतालबाट नेपाल क्षयरोग निवारण संस्थालाई जग्गा उपलब्ध गराइदिन माग भइआएको निवेदन जानकारी भयो । | सामान्य प्रशासन | जानकारी भएको तर जग्गा दिने निर्णय नभएको | |
| | २३ | कोभिड १९ रोकथाम तथा नियन्त्रणका लागि भारतीय नाकाबाट नेपाल प्रवेश गर्ने नेपालीहरुलाई विराटनगर महानगरपालिका वडा नं. १३ स्थित डिएभी स्कूलमा होल्डिङ सेन्टर सञ्चालन गरिएको र उक्त होल्डिङ सेन्टरमा कार्य गरेका नटवरलाल डोम र सुनिता डोमको निवेदन माग बमोजिम नियमानुसार दैनिक ज्याला भुक्तानी दिने निर्णय गरियो । | वातावरण तथा विपद/ आर्थिक प्रशासन | भुक्तानी भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २४ | विराटनगर महानगरपालिका वडा नं. ७ मा निर्माण हुन गईरहेको विरेन्द्र सभागृहको लागि Supervision Consultant आवश्यक भएको हूदां सो कार्यका लागि नगर विकास कोष, काठमाडौं समक्ष अनूरोध गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार | TDF बाट परामर्शदाता नियुक्ति भएको | |
| | २५ | विराटनगर महानगरपालिकाको वडा नं. ९ मा रहेको पूराने गूद्री (ई प्लट) मा Basement Parking सहितको व्यवसायिक भवन निर्माण गर्नका लागि प्राविधिक सहयोग उपलब्ध गराईदिन हूनका लागि नगर विकास कोष,काठमाडौं समक्ष अनूरोध गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार | सहयोग उपलब्ध गराउन लेखि पठाइएको | |
| ७९,<br>२०७७/०९/१० | १ | वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभागको स्थानीय तहसंगको साझेदारीमा सहरी वन विकास कार्यक्रमका लागि मिति २०७७/८/२१ गते प्रकाशित सूचना अनुसार प्रस्ताव माग भइ आएकोमा निम्न स्थानहरुको लागत सहभागिता ३० प्रतिशत रकम साझेदारी गर्ने गरि निम्न योजना छनौट आवश्यक सहयोगका लागि अनुरोध गर्ने  निर्णय गरियो ।<br>१ विराटनगर वार्ड नं. ४ को वस्ता पैनी नजिकको ऐलानी जग्गामा पार्क निर्माण ।<br>२. वार्ड नं. ८ को अशोक चौक हूदै पशुवधशाला जानेबाटोको दुवै साइडमा फलामे तार जाली सहितको वृक्षारोपण गर्ने ।<br>३. वार्ड नं. १२ को दरैयामार्गको दुवै साइटमा फलामेतार जाली सहितको वृक्षारोपण गर्ने । | वातावरण तथा विपद व्यवस्थापन | कोभिडका कारण उपभोक्ता समिति गठन हुन नसकी कार्यन्वयन नभएको<br><br>प्रस्ताव पेश भइ योजना स्वीकृत भइ  आएको<br><br>“” | |
| | २ | वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग को मिति २०७७ कार्तिक २७ को च.नं २७६ को पत्र अनुसार विभागको आ.व. २०७७/२०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वातावरण मैत्री शहरी वृक्षरोपण अभियानमा पार्क निर्माणमा रु. एक करोड विनियोजन गरिएको हुदां २० प्रतिशत लागत सहभागिता गर्ने गरि विराटनगर वार्ड नं. १ मा रहेको चिल्ड्रेन पार्कको सौन्दर्यकरणमा आवश्यक सहयोगका लागि लागत इष्टिमेट, डिजाइन तयार गरि अनुरोध गर्ने निर्णय गरियो । | वातावरण तथा विपद व्यवस्थापन | कोभिडका कारण ठेक्का सम्झौता हुन नसकी कार्यन्वयन नभएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३ | विराटनगर महानगरपालिका वडा नं. १९ बैजनाथपूर खद्राटोलमा रहेको विद्यालय श्री जागृत आ.वि. सोही वडाको श्री सार्वजनिक मा.वि.झापा बैजनाथपूरको जग्गा ९(क) कि.न. ७१८ क्षेत्रफल ०-३-५ र कि.न. ७३९ क्षेत्रफल ०-०-१६ मा संचालन रहेको र साविक सार्वजनिक नि.मा.वि. हाल सार्वजनिक मा.वि.बाट जागृति आ.वि.को नाममा विद्यालयले संचालन गर्दै आएको जग्गा हक हस्तान्तरण गर्न मिति २०७७/०८/१४ च.न. ७७ बाट लेखि आएको हूदां साथै वडा कार्यालयवाट समेत सिफारिस भै आएको हूदां शिक्षा मन्त्रालय,सिंहदरवार काठमाडौंमा सिफारिस गर्ने निर्णय गरियो । | शैक्षिक प्रशासन | सिफारिस गरिएको | |
| | ४ | महानगर बहूप्राविधिक शिक्षालयमा प्राचार्य परिवेश पराजूली, लेखापालमा सूलोचन गूरांगाईलाई करार र सूपरभाईजर (खरिदार सरह) मा गिता रेग्मी (कोईराला)लाई खटाईएको विषयको जानकारी भयो । | शैक्षिक प्रशासन | जानकारी भएको | |
| | ५ | संस्थागत सूत्केरी सेवालाई प्रोत्साहित गर्दै गर्भावस्था, प्रसूति अवस्था एवम् उत्तर प्रसूति अवस्थाका जटिलताबाट हूने मातृ शिशू मृत्यूदरमा कमी ल्याउने उद्देश्य अनूरुप गर्भवती तथा सूत्केरी महिलाहरुलाई समयमै स्वास्थ्य सेवाको पहूंचमा पूग्न नि:शूल्क एम्बूलेन्स सेवा सञ्चालनार्थ **“विराटनगर नि:शूल्क प्रसूति एम्बूलेन्स सेवा निर्देशिका २०७७”** पारित गर्ने निर्णय गरियो । | स्वास्थ्य महाशाखा | पारित भइ कार्यन्वयन भएको | |
| | ६ | ईलाका प्रहरी कार्यालय, रानीको घरनक्सा पास वापतको जरिवाना रु. रु.२,८३,३६४।१६ रकम आगामी नगरसभाबाट अनूमोदन हूनेगरी मिनाहा गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार | मिनाहा भएको | |
| | ७ | समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७५ अनुसार निम्न लिखित योजनाहरु राष्ट्रिय योजना आयोग समक्ष पेश गर्ने निर्णय गरियो ।<br>१. महानगरपालिका कार्यालय भवन निर्माण,वडा नं.७<br>२. कंचन केशलिया मार्गमा नाला निर्माण,वडा नं.४ | शहरी पूर्वाधार | राष्ट्रिय योजना आयोगमा पठाइएको, कार्यालय भवन स्वीकृत भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३. पशु बधशाला निर्माण, वडा नं. ८<br>४. सोमवारे हाट हुदै मुनालपथ सम्म कालोपत्रे तथा नाला निर्माण, वडा नं. २<br>५. विभिन्न वडा कार्यलयको भवन निर्माण ( वडा नं. १, ४, ५, ८, ११, १२, १४, १६ र १८) | | | |
| | ८ | आगामि आ.व.२०७८/०७९ को लागि विभिन्न आय शिर्षकहरुमा रु.४,१२३,००७,०००।०० अनुमान आय प्रक्षेपण गरि सम्वन्धित निकायमा पत्रचार गर्ने निर्णय गरियो । | योजना महाशाखा | पत्राचार गरिएको | |
| ८०, २०७७/१०/११ | १ | यस बैठकमा पेश भएका प्रस्तावहरु उपर छलफल भयो। उक्त प्रस्तावहरुमाथि थप छलफल गरी निर्णय गर्न पूनः मिति २०७७/१०/१२ गते दिनको २ बजे बैठक बस्ने निर्णय गरियो। | | | |
| ८१, २०७७/१०/१२ | १ | विराटनगर महानगरपालिका क्षेत्रभित्र भवन निर्माण स्वीकृति नलिई निर्माण भएका तथा साविक गा.वि.स.हरूबाट निर्माण स्वीकृति प्रमाणपत्र प्राप्त नगरेका वा भवन निर्माण सम्बन्धी मापदण्ड पूरा नगरेका घर/भवन/गोदाम तथा संरचनाहरूको कार्यालयले तोकेको निश्चित शर्त तथा मापदण्डको आधारमा मिति २०७७ माघ १ गतेदेखि २०७८ असार मसान्तसम्मको म्याद दिई छैठौं नगरसभाको निर्णय बमोजिम नक्सापास दस्तुरको प्रति वर्ग फिट रु.३।५० राजश्व लिई सूचिकरण तथा अभिलेखिकरण गर्ने निर्णय गरियो। | शहरी पूर्वाधार | सूचीकरण तथा अभिलेखीकरण कार्यक्रम भइरहेको | |
| | २ | विराटनगर महानगरपालिकाद्वारा सञ्चालित ढल सेवा जडान शुल्क २०७७ पुस मसान्तसम्म निःशुल्क गरिएकोमा नगरसभाबाट अनुमोदन हुनेगरी सोको समयावधि ६ महिना थप गरी २०७८ असार मसान्तसम्म गर्ने निर्णय गरियो। | RUDP | समयावधि थप गरी सेवा प्रदान गरिएको | |
| | ३(क ) | विराटनगर महानगरपालिका वडा नं. ७ स्थित वीरेन्द्र सभागृह पूनर्निर्माणको टेण्डर आह्वान गरिएकोमा नियमानुसार प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिबाट सिफारिस भइआएका ठे. समानान्तर-जोशी-श्री बैंकटेश जे.भी. र रविना-किरातेश्वर-अविशा जे.भी. को प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्ने निर्णय गरियो। | शहरी पूर्वाधार | प्रस्ताव खोलिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ३(ख ) | कोशी राजमार्ग अन्तर्गत रहेका महानगरको विभिन्न चोक/स्थानमा निर्माण गरिने ओभरहेड ब्रिज तथा महानगरपालिकाको कार्यालय भवन निर्माणको योजनालाई बहुवर्षिय योजना अन्तर्गत कार्यान्वयनको लागि प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | शहरी पूर्वाधार | ओभरहेड ब्रिज र कार्यालय भवनको कार्य प्रारम्भ भएको | |
| | ४ | विराटनगर महानगरपालिकाको आ.व.२०७७/०७८ को लागि छैठौं नगरसभाबाट पारित बजेट, नीति तथा कार्यक्रममा पेलेटिभ केयर सञ्चालनका लागि बजेट विनियोजन भएकोमा उक्त बजेटबाट वडा नं. १९ स्थित वैजनाथपुर स्वास्थ्य केन्द्रमा आवश्यक कार्यविधि र संरचना तयार गरी महानगर हस्पिस सेन्टर (Metropolitan Hospice Center) स्थापना तथा सञ्चालन गर्ने र सोको लागि ४ जना अ.न.मि.को दरबन्दी कायम गर्ने निर्णय गरियो। र थप कार्यको लागि नगर प्रमुखलाई जिम्मेवारी दिने निर्णय गरियो। | सामान्य प्रशासन/स्वास्थ्य | प्राविधिक क्षमताको अभावमा पेलेटिभ केयर सञ्चालन हुन नसकेको, अ.न.मिको पदपूर्ति भएको | |
| | ५ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट प्राप्त कार्यक्रम अनुसार हेल्प डेस्क/खोप सेवा/हस्पिस सेन्टर/आधारभूत स्वास्थ्य केन्द्र सञ्चालनको लागि आवश्यक मेडिकल अधिकृत (आठौं)-१, हेल्थ असिस्टेन्ट (पाँचौ)-१, स्टाफ नर्स (पाँचौ)-२, अहेव (चौंथो)-२, अनमि (चौंथो)-७ र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सव-ईन्जिनीयर (सिभिल/पाँचौ)-१ पदमा सार्वजनिक सूचना गरी खुल्ला विज्ञापनद्वारा नियमानुसार पदपूर्ति गर्ने निर्णय गरियो। साथै, मिति २०७७/०८/१९, बैठक संख्या ७८ को निर्णयानुसार गत आ.व. २०७६/०७७ सम्म साविक शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा कार्यरत २ जना नर्सिङ अधिकृत (सातौं तह), १ जना कविराज (चौंथो तह) र १ जना ल्याब टेक्निसियन (पाँचौ तह) को बजेट/कार्यक्रम प्रस्ताव गर्दा तलब भत्ता प्रस्ताव नगरिएकोले उक्त दरबन्दीमा कार्यरत ४ जनालाई नियमानुसारको तलब-भत्ता विपद व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरिएकोमा हाल स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट हेल्प (हेल्थ) डेस्क सञ्चालनको लागि आएको दरबन्दीमा १ जना ल्याब टेक्निसियन (पाँचौ तह) को समेत दरबन्दी रहेकोले सो पदमा नयाँ पदपूर्ति नगरी यस | सामान्य प्रशासन/स्वास्थ्य | पदपूर्ति भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | दरबन्दीमा साविकदेखि कार्यरत ल्याब टेक्निसियनलाई नै मिलान/समावेश गर्ने र निजको तलब-भत्ता हेल्प डेस्क कार्यक्रमबाट २०७८ असार मसान्तसम्म भुक्तान गर्ने निर्णय गरियो। | | | |
| | ६ | महानगरपालिकाको उत्तरतर्फको प्रवेशद्वारमा स्वागत गेट (Welcome Gate) निर्माण र कञ्चनबारी, वरगाछि, घाँस चोक, बसपार्क, रोडशेष, रानी चौकी र पशु क्वारेन्टाइनमा ट्राफिक लाइट व्यवस्थापन गर्ने योजना स्वीकृति/सहमतिको लागि रानी विराटनगर इटहरी धरान सडक योजना, सुनसरी मार्फत सडक विभागलाई पठाउने निर्णय गरियो। | शहरी पूर्वाधार | प्रवेशद्वारको डिजाइन संसोधन भइरहेको, ट्राफिक लाइटको DPR तयार भइरहेको | |
| | ७ | महानगरपालिका अन्तर्गतका सबै कार्यालयहरूको नक्सापास तथा अभिलेखिकरण गर्ने र नयाँ भवन निर्माण गर्दा मापदण्ड तथा नियमानुसार स्वीकृति लिएर मात्र निर्माण गर्ने निर्णय गरियो। | शहरी पूर्वाधार | कार्यन्वयन भइरहेको | |
| | ८(क) | हाल विराटनगर १६, रानीमा अस्थायी रुपमा रहेको स्थानमा नै हेल्प डेस्क भवन तथा संरचना निर्माण गरी सञ्चालन गर्ने निर्णय गरियो। | शहरी पूर्वाधार | निर्माण भइरहेको | |
| | ८(ख) | देहाय बमोजिमका वडामा आधारभूत स्वास्थ्य केन्द्र निर्माणको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा बजेट निकासाको लागि अनुरोध गर्ने निर्णय गरियो।<br>(अ) वडा नं. ३, ६, ७, १०, ११, १४ र १८ को विद्यमान भवनमा तल्ला थप गरी आधारभूत स्वास्थ्य केन्द्र सञ्चालन गर्ने।<br>(आ) वडा नं. १, ४, ८ र १३ मा नयाँ आधारभूत स्वास्थ्य केन्द्र निर्माण गर्ने। | स्वास्थ्य महाशाखा | बजेट माग गरिएको तर बजेट कार्यक्रम स्वीकृत नभएको | |
| | ९ | विराटनगर ४, खार्जी स्थित तारिणिप्रसाद कोइराला सञ्चारग्राममा मेट्रो एफएम सञ्चालनार्थ स्वीकृति तथा फ्रिक्वेन्सीको लागि सूचना सञ्चार मन्त्रालयलाई अनुरोध गर्ने र सोको लागि आवश्यक कार्य गर्न नगर प्रमुखलाई अधिकार दिने निर्णय गरियो। | शहरी पूर्वाधार | अनुरोध गरिएको, रेडियो नेपाल प्रशारणबाटै महानगरको कार्यक्रम संचालनका लागि सम्झौतापत्र प्राप्त भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १० | विराटनर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको स्वामित्वमा रहेका भौतिक साधन तथा उपकरणहरू सञ्चालन सम्बन्धि कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो। | सामान्य प्रशासन | पारित भइ कार्यन्वयनमा भएको | |
| | ११ | चालु आ.व. २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट बाँडफाँटको विवरण अनुसार आन्तरिक स्रोततर्फको विनियोजित बजेट कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा आन्तरिक आयको अवस्था न्यून रहेकोले रकमको अभाव भई अत्यावश्यकीय खर्चको भुक्तानीमा व्यवधान उत्पन्न भएको हुँदा जनप्रतिनिधि तथा कर्मचारीहरूको सेवा सुविधा र तलब-भत्ता, मर्मत संम्भार लगायतका खर्चहरू र दायित्व सिर्जना भई भुक्तानी दिनुपर्ने रकम करिब ७ (सात) करोड रुपैंया समानिकरण अनुदानबाट आन्तरिक स्रोतमा सापटी ल्याई खर्च गर्ने निर्णय गरियो। साथै, गत आ.व.बाट चालु आ.व.को लागि दायित्व सरी आएका योजनाहरूको भुक्तानी गर्न आन्तरिक आय र गत आ.व.को मौज्दात रकम अपुग हुने देखिएको हुँदा सम्पन्न भइसकेका योजनाहरूको रकम भुक्तानी तथा वडास्तरिय योजना (तालिम/गोष्ठि/कार्यक्रम जस्ता नगर्दा हुने योजनाबाहेक) साथै मर्मत संम्भार गर्नको लागि चालु आ.व.को समानिकरण अनुदान अन्तर्गतका देहाय बमोजिमका योजनाहरूमा विनियोजित बजेट राजश्व बाँडफाँट/आन्तरिक स्रोततर्फ स्रोतान्तर गर्ने निर्णय गरियो।<br>(क) नगरस्तरिय योजनाबाट रु. ५ (पाँच) करोड आन्तरिक स्रोतमा स्रोतान्तर गरी खर्च गर्ने।<br>(ख) विभिन्न बहुवर्षीय योजनाहरूबाट रु. ८ करोड ४६ लाख ४० हजार आन्तरिक स्रोतमा स्रोतान्तर गरी खर्च गर्ने।<br>(ग) पशु वधशालाबाट रु. १ (एक) करोड आन्तरिक स्रोतमा स्रोतान्तर गरी खर्च गर्ने।<br>(घ) बाल अस्पतालबाट रु. १ (एक) करोड आन्तरिक स्रोतमा स्रोतान्तर गरी खर्च गर्ने। | आर्थिक प्रशासन | कार्यन्वयनमा आएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | १२ | आ.व.२०७५/०७६ मा राधाकृष्ण रथयात्रालाई व्यवस्थित गर्न नालामा स्लाब राख्न नगर प्रमुखको आदेश भए बमोजिम स्लाब राख्ने कार्य गरेको ठेकेदारको हालसम्म भुक्तानी नभएकोले प्राविधिक इस्टिमेट अनुसार लक्की निर्माण सेवा र आर्शा कन्स्ट्रक्सन प्रा.लि.लाई प्राविधिक मूल्याङ्कनका आधारमा मर्मत सम्भार शीर्षकबाट बढिमा रु. ५/५ लाखसम्म भुक्तानी दिने निर्णय गरियो। | शहरी पूर्वाधार | भुक्तानी दिएको | |
| | १३ | वडा कार्यालयबाटै आर्थिक क्रियाकलाप सञ्चालन गर्नको लागि लेखापालको र वडाको प्राविधिक नापजाँच कार्यको लागि अमिनको आवश्यकता रहेको हुँदा महानगरपालिकाको स्वीकृत दरबन्दी अनुसार रिक्त १५ जना लेखापाल (पाँचौ तह) र ५ जना अमिन (चौंथो) पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा अनुरोध गर्ने निर्णय गरियो। | सामान्य प्रशासन | प्रदेश लोक सेवा आयोगमा अनुरोध गरिएको | |
| | १४ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारी नारायण तिम्सिनालाई कर्मचारी कल्याण कोषबाट रु. २ लाख ऋण सापटी उपलब्ध गराउने निर्णय गरियो। | आर्थिक प्राशासन | ऋण उपलब्ध गराइएको | |
| | १५ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यालय सहयोगी (श्रेणीविहिन चौंथो) पदका स्थायी कर्मचारी श्री उत्तर कुमार राईले मिति २०७७/०९/०१ बाट लागू हुनेगरी दिएको राजिनामा स्वीकृत भइसकेको अवस्थामा निजले पाउने सेवा सुविधाको हकमा कार्यालयमा भएको व्यक्तिगत अभिलेखबाट निजको नियुक्ति मिति २०५५/०३/२९ मा भई कामकाज गर्दै आइरहनुभएको भन्ने मात्र मिति २०६३/०९/१९ को स्थायी नियुक्ति पत्रमा रहेको तर कुन प्रक्रिया (अस्थायी/करार/ज्यालादारी) बाट नियुक्त भएको हो भन्ने संलग्न कागजातमा स्पष्ट नभएको हुँदा निजको सेवा अवधि नियुक्ति भएकै मितिबाट गणना गर्ने निर्णय गरियो। | सामान्य प्रशासन/ आर्थिक प्रशासन | निर्णय कार्यन्वयन भइ सेवा सुविधा दिएको | |
| | १६ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा स्थायी पद (अहेव चौथो) मा मिति २०५३/०३/२४ मा स्थायी नियुक्ति भएर मिति | सामान्य प्रशासन | स्तर वृद्धि गरी तह मिलान गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २०६७/०५/२४ मा पाचौं तहमा बढुवा भई निरन्तर सेवारत श्री आशाराम माझी थारूलाई कर्मचारी व्यवस्थापन ऐन २०७५, पहिलो संसोधन २०७६ को दफा २२ (क) र नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को परिच्छेद-३, दफा १३ (७क) को उपदफा (झ) अनुसार (छैठौ तह) मा स्तर बृद्धि/तह मिलान गर्ने निर्णय गरियो। | | | |
| | १७ | महानगर बहुप्राविधिक शिक्षालयको देहाय बमोजिम ५ जना दरबन्दी आवश्यक भएकोमा विगतमा २ वटा दरबन्दी मात्र स्वीकृत भएकोले बाँकी ३ दरबन्दी थप गरी त्यी पदमा महानगरपालिकाका विद्यमान कार्यरत कर्मचारीबाट व्यवस्थापन गर्ने जिम्मा प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो।<br>(क)प्रिन्सिपल (नवौं तह) — १<br>(ख)लेखापाल (पाँचौ तह) — १<br>(ग) खरिदार/सुपरभाइजर (चौंथो) — १<br>(घ) कार्यालय सहयोगी (श्रेणीविहिन) — २ | प्रमुख प्रशासकीय अधिकृत | व्यवस्थापन भएको | |
| | १८ | विराटनगर महानगरपालिका वडा नं. १२ स्थित बखरी प्रहरी चौकीको जग्गा खरिदको लागि उपभोक्ता समितिलाई रु. ८ लाख भुक्तानी दिने र सम्बन्धित जग्गाधनीलाई जग्गा वापतको उक्त रकम बुझाउने जिम्मा वडा अध्यक्षलाई दिने निर्णय गरियो। | शहरी पूर्वाधार/ वडा अध्यक्ष | रकम बुझाइएको | |
| | १९ | विराटनगर महानगरपालिका वडा नं. १४, जतुवा स्थित कि.नं. को जग्गामा सामुदायिक भवन निर्माणको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | शहरी पूर्वाधार | जग्गाको व्यवस्थापन हुन नसकेको | |
| | २० | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई कानूनी सेवाको लागि जनशक्ति आवश्यक भएको हुँदा १(एक) जना पाँचौ तह सरहको पारिश्रमिक पाउनेगरी कानूनी सल्लाहकारमा करार नियुक्ति गर्ने जिम्मा नगर प्रमुखलाई दिने निर्णय गरियो। | सामान्य प्रशासन | पदपूर्ति भइसकेको | |
| | २१ | आ.व.२०७७०७८ को स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहजता ल्याउनको लागि अधिकृत दशौं तहका दुर्गाप्रसाद खतिवडाको संयोजकत्वमा अर्जुन थपलिया, राजेन्द्र प्रधान, लक्ष्मीप्रसाद नेपाल, सरोजकुमार गौतम, गोपाल | योजना महाशाखा | समिति गठन भइ बजेट कार्यक्रम कार्यान्वयन भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पोखरेल समेत सदस्य रहनेगरी समिति गठन गर्ने निर्णय गरियो । | | | |
| | २२ | प्रदेश बसपार्कको लागि आवश्यक जग्गा व्यवस्थापनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो। | शहरी पूर्वाधार | कोभिड- १९ का कारण कार्यान्वयन हुन नसकेको | |
| | २३ | कार्यपालिकाको बैठक प्रत्येक महिनाको १० गते र २५ गते दिनको ३:०० बजे बस्ने निर्णय गरियो। | प्रमुख/ प्रमुख प्रशासकीय अधिकृत | बैठक बस्ने गरेको | |
| ८२, २०७७/१०/१४ | १ | विराटनगर महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि साझेदार संस्थाको रुपमा कार्य गर्दै आइरहेको वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल प्रा.लि. र जे.भी.को कार्यावधि आउँदो २०७८ वैशाख मसान्तमा समाप्त हुन गइरहेको हुँदा आगामी दिनमा नगरको फोहोरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाउन के/कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा मिति २०७७/०८/१९ को कार्यपालिका बैठक संख्या ७८ द्वारा गठित समितिले राय सुझाव सहित पेश गरेको प्रतिवेदनउपर छलफल हुँदा फोहोरमैला व्यवस्थापनका लागि समितिको सिफारिस अनुसार नगर क्षेत्रलाई ३ (तीन) वटा क्षेत्रमा विभाजन गरी सार्वजनिक-निजि साझेदारी अवधारणा अनुरुप फोहोरमैला व्यवस्थापनको लागि सूचना प्रस्ताव पत्र (टेण्डर डकुमेन्ट) तयार गरी र सङ्कलनको दररेट सम्बन्धि राय-सुझाव सबै वडाबाट माग गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो। | वातावरण तथा विपद व्यवस्थापन | सुझाव प्राप्त गरी टेन्डर डकुमेन्ट तयार गरिएको | |
| | २ | महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरूको भवन निर्माणको लागि आवश्यक बजेट जिल्ला समन्वय समिति, मोरङमा माग गर्ने निर्णय गरियो। | शहरी पूर्वाधार | माग भएको | |
| | ३ | विराटनगर महानगरपालिका अन्तर्गत आवश्यक खानेपानी तथा ढल निर्माण सम्बन्धी थप अध्ययन तथा निर्माण कार्यको लागि खानेपानी तथा ढल व्यवस्थापन विभागलाई अनुरोध गर्ने निर्णय गरियो। | शहरी पूर्वाधार | अनुरोध भएको | |
| | ४ | सिंघिया घोघाहा पैनीमा बहुउद्देश्यीय पार्क निर्माण कार्यको लागि बुद्धमिलन वाचनालय उपभोक्ता समितिसँग जनसहभागिता सहित रु.१,१७,५९,६५४।२ को लागत अनुमान (ल.ई.) | शहरी पूर्वाधार | १ करोडको सीमामा रही उपभोक्ता | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्वीकृत भई मिति २०७४/११/३० मा भएको सम्झौता आ.व.२०७५/०७६ को अन्तिम लेखा परीक्षणबाट सार्वजनिक खरिद ऐन विपरीत र त्रुटिपूर्ण भएको भनी प्रतिवेदनमा उल्लेख भएको हुँदा उपभोक्ता समितिलाई रु. १ करोडको सिमाभित्र रही कार्य गर्न सूचित गरिएकोमा हालसम्म भए/गरेको कार्यको प्राविधिक मूल्याङ्कन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिको लगानी सहित रु. १ करोडमा नबढाई उपभोक्ता समितिको नाममा अन्तिम भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | | समितिलाई भुक्तानी गरिएको | |
| | ५ | विराटनगर महानगरपालिका प्रवेश विन्दुहरुबाट आ.व.२०७७।०७८ का लागि गत आ.व.को ठेकअंकलाई आधार मानी आय ठेक्काको बोलपत्र आह्वान मिति २०७७।०६।२१ मा पहिलो पटक, मिति२०७७।०७।२४ मा दोश्रोपटक र मिति २०७७।०८।१० मा तेश्रोपटक सार्वजनिक सूचना आह्वान गर्दा समेत कुनैपनि बोलपत्र पेश नभएकोले तोकिएको नगर कार्यपालिकाको मिति २०७७।०८।१९ बैठक संख्या ७८ को निर्णय बमोजिम १५ प्रतिशत घटाई रु.३५,३४,५८१।०० लाई न्यूनतम कबोल अंक तोकी यस आ.व.२०७७।७८ का लागि २०७७ माघ देखि २०७८ आषाढ मसान्तसम्म ठेक्का कारोबार संचालन हुने गरि मिति २०७७।०८।२९ गते पुन: सुचना प्रकाशन गर्दापनि कुनैपनि बोलपत्र पर्न नआएको हुंदा अन्तिम पटक कायम भएको न्युनतम अंकमा १५ प्रतिशत घटाई ७ (सात) दिने बढाबढको सुचना प्रकाशन गर्ने निर्णय गरियो । | राजस्व व्यवस्थापन | नयाँ न्युनतम ठेकअंक बमोजिम ठेक्का आव्हवान गरिएको | |
| | ६ | विराटनर महानगरपालिकाको छैंठौ नगरसभाबाट पारित आ.व.२०७७/०७८ को लागि प्रक्षेपण गरिएको आय/व्ययको पुनरावलोकन गर्न उप-प्रमुखको संयोजकत्वमा रहेको बजेट तर्जुमा समितिलाई जिम्मा दिने निर्णय गरियो। | बजेट तथा कार्यक्रम तर्जुमा समिति | समितिले पुनरावलोकन गरेको | |
| | ७ | विकास निर्माणको कार्यमा उपभोक्ता समितिबाट गरिने कार्यमा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निम्न बमोजिमको संसोधित जनसभागिता गराउने निर्णय गरियो।<br>(क) माटो पुर्ने कार्यको लागि : ३० प्रतिशत<br>(ख) ग्राभेल : २० प्रतिशत | शहरी पूर्वाधार | निर्णय बमोजिम कार्यन्वयन भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ग) इँटा जोड्ने/आर.सि.सि. गर्ने कार्यको लागि : १५ प्रतिशत<br>(घ) कालोपत्रे गर्ने कार्य : १५ प्रतिशत<br>(ङ) कालोपत्रे सहित मिश्रित कार्य : १५ प्रतिशत<br>(च) यी बाहेक अन्य कार्यको हकमा : २० प्रतिशत | | | |
| | ८ | विराटनगर महानगरपालिकाको आ.व.२०७७/०७८ को पारित वार्षिक नीति, कार्यक्रम तथा बजेट अनुसार वडा नं. ३ को वडास्तरिय कार्यक्रम अन्तर्गत विपद व्यवस्थापन तथा कोभिड नियन्त्रण (पेज नं. ९८, सि.नं. ८५) को लागि विनियोजित रु.११,२९,२५।० रकममध्येबाट सडक बत्ति व्यवस्थापनका लागि रु.५,००,०००।० खर्च गर्न आगामी नगरसभाबाट अनुमोदन हुनेगरी बजेट/कार्यक्रम संसोधन गर्ने निर्णय गरियो। साथै, वडा नं. १५ को वडास्तरिय कार्यक्रम अन्तर्गत विपद व्यवस्थापनको लागि (पाना नं. ११७, सि.नं. ४६१) विनियोजित रु.५,००,०००।० रकम सडक बत्ति व्यवस्थापनको लागि खर्च गर्न आगामी नगरसभाबाट अनुमोदन हुनेगरी बजेट/कार्यक्रम संसोधन गर्ने निर्णय गरियो। | योजना महाशाखा | बजेट/ कार्यक्रम संसोधन भएको | |
| | ९ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय अन्तर्गत छात्रवृत्तिमा सेवा करारमा कार्यरत डा.प्रज्वल खतिवडाको समयावधि सकिएकोले पूनः ३ (तीन) महिनाको लागि करार थप गर्ने निर्णय गरियो। | सामान्य प्रशासन | करार थप भइ काम गरेको | |
| | १० | विराटनगर महानगरपालिकाको आ.व.२०७६/०७७ मा नगरसभाबाट स्वीकृत योजना अन्तर्गत देहाय बमोजिमका सम्झौता भई निर्माण कार्य सम्पन्न हुन नसकेका योजनाहरूको आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटमा दायित्व सार्न छुट भएको हुँदा उक्त योजनाहरू सम्पन्न गरी नपुग निम्न बमोजिमको रकम मर्मत सम्भार कार्यक्रम अन्तर्गतको शिर्षकबाट खर्च गर्ने निर्णय गरियो।<br>(क) वडा नं. १५ प्रदीप रायको मिलसम्म नाला — रु.८,२८,८८२।०<br>(ख) वडा नं. ५ सत्य साई भजन किर्तन भवन मर्मत — रु.४३,५६९।० | शहरी पूर्वाधार | कार्यन्वयन भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ग) वडा नं. १३ हनुमान मन्दिर निर्माण — रु.९७,१५८।० <br>(घ) वडा नं. ५ सामुदायिक मार्गमा नाला — रु.१,१४,२२६।० <br>(ङ) वडा नं. १० वीर पथ, भोला मार्ग समेतमा आर.सि.सि. सडक — रु.२,७३,४७३।० <br>(च) वडा नं. ९ नेपाल महेश्वरी सभा होमियोपेथिक औषधालय भवन मर्मत — रु.४,८५,४१९।० <br>(छ) वडा नं. ९ भरत कोइरालाको घर जाने बाटो नाला ग्राभेल — रु.३,८८,२१०।० | | | |
| | ११ | विराटनगर महानगरपालिका वडा नं. ७ मा रहेको फाउन्टेन इको पार्कलाई ठेक्का मार्फत सञ्चालन गर्न र सोको लागि प्रवेश शुल्क र क्यान्टिन सञ्चालनको लागि ठेक्का रकम न्यूनतम कबोल अङ्क वार्षिक रु.१२,००,०००।० (प्रशासनिक खर्च, विद्युत, पानी तथा मर्मत सम्भार बाहेक) तोकी सार्वजनिक सूचना आह्वान गर्ने निर्णय गरियो। | राजश्व व्यवस्थापन | ठेक्का सूचना प्रकाशन भएको तर ठेक्का नपरेको | |
| | १२ | विराटनगर महानगरपालिकाको आ.व.२०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट किताबको पेज नं. १०५ को सि.नं. २२६ मा वडास्तरिय कार्यक्रम अन्तर्गत वडा नं. ७ को सुबोध खनालको घरदेखि विकास पराजुलीको घरसम्म ढलाई वा कालोपत्रे गर्न रु.५,००,०००।० विनियोजन भएकोमा हाल उक्त कार्य गर्न नपर्ने भएको हुँदा सो योजनाको लागि विनियोजित रकम आगामी नगरसभाबाट अनुमोदन हुनेगरी बजेट किताबको पेज नं. १०५, सि.नं. २१३ मा रहेको अस्पताल रोडदेखि कोइराला निवास जाने बाटोमा नाला तथा ढलान वा ग्राभेल गर्न विनियोजित रकममा थप गर्ने निर्णय गरियो। साथै, बजेट किताबको पाना नं. १०५, सि.नं. २२५ मा उल्लेख भएको वडास्तरिय कार्यक्रम अन्तर्गत वडा नं. ७ को अरबिन्द दासको घरदेखि अनिल दासको घरसम्म ग्राभेल गर्न विनियोजित रु.२,००,०००।० सो कार्य नहुने भएको हुँदा उक्त योजनाको लागि विनियोजित रकम आगामी नगरसभाबाट अनुमोदन हुनेगरी पाना नं. १५८ को सि.नं. २७५ मा उल्लेख भएको मोतिराम पार्क तथा | शहरी पूर्वाधार | योजना संसोधन भइ काम भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | सुजल शाक्यको घरदेखि विमल खरेलको घरसम्म नाला तथा बाटो बनाउने योजनाको लागि थप गर्ने निर्णय गरियो। | | | |
| | १३ | सवारी साधन समितिको सिफारिस बमोजिम विभिन्न मितिमा १२, ६, १४ र १८ नं. वडा कार्यालयले जे.सि.बी./एस्काभेटर भाडामा लिई पैनी, नाला, नहर आदि सफाई कार्य गरेकोमा वडा नं. ६ ले १७ घण्टा, वडा नं. १४ ले ९.५ घण्टा, वडा नं. १८ ले ४ घण्टा र वडा नं. १२ ले १२ घण्टा का दरले काम गराएको र सोको भुक्तानी हालसम्म नभएकोले सो बमोजिमको रु.३,४२,०३१।० रकम मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो। | वातावरण तथा विपद | भुक्तानी गरिएको | |
| | १४ | विराटनगर महानगरपालिका क्षेत्रभित्र रहेका टोल विकास संस्थाहरूको व्यवस्थापन र महानगरपालिकासँगको समन्वयकारी भूमिकाको लागि आवश्यक कार्यविधि बनाउन श्री तिर्थेन्द्र न्यौपानेको संयोजकत्वमा देहाय बमोजिम समिति गठन गर्ने र उक्त समितले २०७७ फागुन मसान्तभित्र मस्यौदा पेश गर्ने निर्णय गरियो।<br>(१) श्री तिर्थेन्द्र न्यौपाने, वडाध्यक्ष वडा नं. ११ — संयोजक<br>(२) श्री मधुबाबु तिवारी, वडाध्यक्ष वडा नं. ७ — सदस्य<br>(३) श्री असलम आलम, वडाध्यक्ष वडा नं. १५ — सदस्य<br>(४) श्री चम्पादेवी खत्री, कार्यपालिका सदस्य — सदस्य<br>(५) श्री अर्जुन थपलिया — सदस्य<br>(६) श्री डिल्ली धिमाल — सदस्य<br>(७) श्री सरोज कुमार गौतम — सदस्यसचिव | सामाजिक विकास | कार्यविधि तयार गरी कार्यपालिकामा पेश गरिएको | |
| | १५ | प्रदेश सरकारले जारी गरेको सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ ले गरेको प्रावधान अनुसार विराटनगर महानगरपालिकाको तीन पाङ्ग्रे सवारीसाधन व्यवस्थापन सम्बन्धी आवश्यक कानून बनाउने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। | राजश्व व्यवस्थापन | कानुन कार्यविधि स्वीकृत भइ कार्यन्वयन भएको | |
| | १६ | विराटनगर महानगरपालिका वडा नं. ७ स्थित विश्रान्ति घाट पश्चिममा रहेको जग्गामध्ये ०-१०-० (दश कठ्ठ) क्षेत्रफलमा पतंजलि योग समिति मोरङले | सामान्य प्रशासन | सहमति पत्र प्रदान गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | योग केन्द्र तथा कार्यालय भवन निर्माण गर्न सहमति दिने निर्णय गरियो। साथै, वडा नं. ३ स्थित कि.नं.१५० मध्येबाट ०-१-०-० (एक कठ्ठा) जग्गा हाम्रो ज्येष्ठ नागरिक हातेमालो सेवा समाजलाई सामुदायिक भवन बनाउन सहमति प्रदान गरिएकोमा सो कित्ताबाट बाँकि रहेको जग्गा ०-१-१०-० (एक कठ्ठा दश धुर) मा हनुमान मूर्ति प्रतिस्थापन एवम् पाकशाला/भान्साघर, तुलसाको मोठ तथा विवाह मण्डप र पार्किङको लागि उपयोग गर्नेगरी जग्गा संरक्षण गर्न सहमति दिने निर्णय गरियो। | | | |
| | १७ | विराटनगर महानगरपालिकाको सामाजिक विकास समितिको संयोजक विगतमा श्री बलदेव यादव रहनुभएको र उहाँ लामो समयसम्म अनुपस्थित रहँदा श्री तिर्थेन्द्र न्यौपाने संयोजक तोकिनु भई कार्य गरिरहनुभएकोमा पूनः बलदेव यादवलाई सामाजिक विकास समितिको संयोजकको जिम्मेवारी दिने निर्णय गरियो। | कार्यपालिका | नयाँ जिम्मेवारी अनुसार समितिले कार्य गरिरहेको | |
| | १८ | आगामी मिति २०७७/१०/१८ गते आइतबार दिनको २:०० बजे कार्यपालिका बैठक बस्ने निर्णय गरियो। | प्रमुख प्रशासकीय अधिकृत | बैठक बसेको | |
| | १९ | महानगरपालिकाको वडा नं. १३, १४, १५ र १७ को बाढीको पानी निकासाका लागि राजमार्गको किनारामा नाला तथा साईफन निर्माण गर्न स्वीकृति/सहमतिका लागि रानी, विराटनगर, ईटहरी, धरान सडक परियोजना मार्फत सडक विभागमा पठाउने निर्णय गरियो । | शहरी पूर्वाधार | पठाइएको | |
| ८३, २०७७/११/१० | १ | विराटनगर महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैला सङ्कलनको दररेट/शुल्क निर्धारण गर्न प्रस्तावित दररेट समिक्षा गरी प्रस्ताव गर्न देहाय बमोजिमको दररेट प्रस्ताव समिति गठन गर्ने र उक्त समितिले ३ (तीन) दिनभित्र दररेट प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।<br>(१) श्री निश्चल अर्याल - संयोजक<br>(२) श्री बद्रीनारायण सरदार - सदस्य<br>(३) श्री झरीलाल महतो - सदस्य<br>(४) श्री विजय कामत - सदस्य<br>(५) श्री सुशीला पोखरेल (ओझा) - सदस्य | वातावरण तथा विपद व्यवस्थापन | प्रतिवेदन पेश गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (६) श्री अनिता कोइराला, वातावरण शाखा प्रमुख - सदस्यसचिव | | | |
| | २ | चालु आ.व.को राजश्व सङ्कलन लक्ष्य अनुरुप नभइरहेकोले राजश्व अभिवृद्धि अभियानलाई व्यवस्थापन गर्न निम्नानुसारको समिति गठन गर्ने निर्णय गरियो ।<br>(१) श्री विनोद कुमार बस्नेत - संयोजक<br>(२) श्री कुमार पोखरेल - सदस्य<br>(३) श्री मधुबाबु तिवारी - सदस्य<br>(४) श्री तिर्थेन्द्र न्यौपाने - सदस्य<br>(५) श्री असलम आलम - सदस्य<br>(६) श्री राजेन्द्र प्रधान, वित्तीय व्यवस्थापन महाशाखा प्रमुख - सदस्यसचिव | राजश्व व्यवस्थापन | कोभिडका कारण समिति क्रियाशील हुन नसकेको | |
| | ३ | गत आ.व. २०७६/०७७ बाट चालु आ.व. २०७७/०७८ को लागि दायित्व सरी आएका योजनाहरुको भुक्तानी गर्न आन्तरिक आय र गत आ.व.को मौज्दात रकम अपुग हुने देखिएकोले सम्पन्न भइसकेका योजनाहरुको रकम भुक्तानी प्रयोजनको लागि चालु आ.व.को समानिकरण अनुदान स्रोततर्फका देहाय बमोजिमका योजनाहरुमा विनियोजित बजेट स्रोतान्तरण गरी आगामी नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।<br>(क) नगरस्तरीय योजनाबाट रु. ५ करोड आन्तरिक स्रोतमा स्रोतान्तरण गरी खर्च गर्ने ।<br>(ख) विभिन्न बहुवर्षीय योजनाहरुमा विनियोजित रु. ८ करोड ४६ लाख ४० हजार आन्तरिक स्रोतमा स्रोतान्तरण गरी खर्च गर्ने ।<br>(ग) पशु वधशालामा विनियोजित रु. १ करोड आन्तरिक स्रोतमा स्रोतान्तरण गरी खर्च गर्ने ।<br>(घ) बाल अस्पताल निर्माणमा विनियोजित रु. १ करोड आन्तरिक स्रोतमा स्रोतान्तरण गरी खर्च गर्ने । | योजन महाशाखा | नगर सभा बैठकमा पेश भएको | |
| | ४ | **"छोरी बचाऊ, छोरी पढाऊ" अभियान सञ्चालन कार्यविधि, २०७७** पारित गर्ने निर्णय गरियो । | स्वास्थ्य महाशाखा | कार्यविधि कार्यन्वयन भइरहेको | |
| | ५ | विराटनगर महानगरपालिका, वडा नं.९ स्थित सि-प्लट भवन विगत वर्षदेखि उपभोक्ता समितिमार्फत संचालन हुदैं आएकोमा वडा नं.९ वडा कार्यालय संचालनका लागि मिति २०७४।०९।०१ देखि एउटा कोठा, मिति | राजश्व व्यवस्थापन | हिसाब समायोजन भइ किस्ता असुली भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २०७५।०४।०१ देखि दुईवटा कोठा र मिति २०७६।०४।०१ देखि तीनवटा कोठा प्रयोग हुदैं आएकोले वडा कार्यालयले सिफारिस गरेको आधारमा उपभोक्ता समितिसंग सम्झौता गरेको रकमको आधारमा मिति २०७७ माघ महिनासम्मको कोठा भाडावापत रु.४,६८,४२३।०० र वडा कार्यालयले प्रयोग गर्ने विधुत सव–मिटर नं. १२ को ९१७७ युनिटको रु.१५ का दरले महशुल रकम रु.१,३७,६५५।०० गरी जम्मा रकम रु.६,०६,०७८।०० भाडा समायोजन गरी बांकी रकम किस्ता असुली गर्ने निर्णय गरियो । | | | |
| | ६ | मिति २०७७/१०/१२ कार्यपालिका बैठक संख्या ८१ मा वीरेन्द्र सभागृह पूनर्निर्माणको लागि बोलपत्र आह्वान गरिएकोमा नियमानुसार मूल्याङ्कन समितिबाट सिफारिस भइआएका ठे. समानान्तर-जोशी-श्री बैंकटेश जे.भी. र ठे.रविना-किरातेश्वर-अविशा जे.भी.को प्राविधिक प्रस्ताव स्वीकृत गर्ने निर्णय भएकोमा ठे.रविना-किरातेश्वर-अविशा जे.भी.ले पेश गरेको निर्माण कार्यको अनुभव पत्रमाथि उजुरी परेको हुँदा उक्त प्राविधिक प्रस्ताव पूनः मूल्याङ्कन गरी आर्थिक प्रस्ताव खोल्ने निर्णय गरियो । | शहरी पूर्वाधार | पुनर्मूल्यांकन गरी आर्थिक प्रस्ताव खोलिएको | |
| ८४, २०७७/११/२२ | १ | विराटनगर महानगरपालिकाको सातौं नगरसभा आगामी फागुन २८ गते बिहान ८:०० बजे कार्यालयको सभाहलमा गर्ने निर्णय गरियो । | प्रमुख प्रशासकीय अधिकृत | नगर सभा सम्पन्न भएको | |
| | २ | छैठौं नगरसभाबाट पारित ढल शुल्क र ढल जडान सम्बन्धमा आवश्यक अध्ययन तथा छलफल गरी ३ दिनभित्र प्रतिवदेन पेश गर्नेगरी देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।<br>१) संयोजक - श्री निश्चल अर्याल, वडाध्यक्ष, वडा नं. ८<br>२) सदस्य - श्री विश्वनाथ भगत, वडाध्यक्ष, वडा नं. ९<br>३) सदस्य - श्री मधुबाबु तिवारी, वडाध्यक्ष, वडा नं. ७<br>४) सदस्य - श्री माधवराज वाग्ले, वडाध्यक्ष, वडा नं. १०<br>५) सदस्य - श्री कुमार पोखरेल, वडाध्यक्ष, वडा नं. २<br>६) सदस्य - श्री तिर्थेन्द्र न्यौपाने, वडाध्यक्ष, वडा नं. ११ | RUDP | समितिको प्रतिवेदन प्राप्त नभएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७) सदस्य - श्री विजय कामत, वडाध्यक्ष, वडा नं. ६<br>८) सदस्यसचिव - श्री रामहरी कोइराला, जिन्सी तथा भण्डार शाखा प्रमुख | | | |
| | ३ | मिति २०७७/१०/११, कार्यपालिका बैठक संख्या ८३ को निर्णयानुसार फोहोरमैला व्यवस्थापनको लागि फोहोरमैला सङ्कलनको दररेट/शुल्क निर्धारण गर्न प्रस्तावित दररेट समिक्षा गरी प्रस्ताव गर्नको लागि गठित समितिको प्रतिवेदन पेश भई छलफल भयो । उक्त प्रतिवेदनमा छलफल हुँदा बैठकमा उठेका विषयवस्तु समावेश गरी खरीद प्रक्रियामा लैजाने अधिकार नगरप्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो । | वातावरण तथा विपद | नयाँ खरिद प्रक्रिया अगाडी बढाइएको | |
| | ४ | विराटनगर महानगरपालिकाले आफ्नो क्षेत्रभित्र योजनावद्ध र व्यवस्थित विकास गर्न तथा विविध क्षेत्रमा आवश्यक सेवा र सुविधाहरु प्रभावकारी ढङ्गले नगरवासीसमक्ष पुर्‍याउन र नगरको योजना नीति निर्माण एवम् सोको प्रभावकारी कार्यान्वयन गर्न/गराउनका लागि नगर विकास ऐन, २०४५ को दफा ४ वमोजिम नगर विकास समिति गठन गर्नको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने, साथै महानगरपालिका क्षेत्रमा व्यवस्थित वस्ती विकास गर्न ल्याण्ड पुलिङ (Land Pooling) को कार्यका लागि आवश्यक थप अध्ययन गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार | शहरी विकास मन्त्रालय र नगर विकास कोषमा अनुरोध गरिएको ।<br>समिति गठनको स्वीकृति प्राप्त नभएको | |
| | ५ | मिति २०७७/१०/११, कार्यपालिका बैठक संख्या ८३ को निर्णयानुसार चालु आ.व.को राजश्व सङ्कलन लक्ष्य अनुरुप नभइरहेकोले राजश्व अभिवृद्धि अभियानलाई व्यवस्थापन गर्न गठन गरिएको समितिको सिफारिस अनुसार संरक्षक, महानगरस्तरीय संयोजन समिति, वडास्तरीय संयोजन समिति तथा नगरस्तरीय अनुगमन तथा निरीक्षण समिति गठन गर्ने तथा वडाहरुलो अघिल्लो आ.व.मा रु. २ करोड वा सोभन्दा बढी राजश्व संकलन गर्ने वडाले २ जना र सोभन्दा कम राजश्व संकलन गर्ने वडाले १ जना कम्तिमा एस.एल.सी. वा सोसरह उत्तीर्ण शैक्षिक योग्यताप्राप्त नेपाली नागरिकलाई स्वयंसेवकको रुपमा बढिमा २०७८ असार मसान्तसम्म कामकाजमा लगाउने र यसको लागि यातायात, खाजा तथा सञ्चार सुविधावापत | राजश्व व्यवस्थापन महाशाखा | स्वयंसेवक छनौट गरिएको तर कोभिडका कारण कार्यन्वयन गर्न नसकेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आ.व.२०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तकको पाना नं. ७६ र ७७ मा रहेको राजश्व अभिवृद्धि कार्यक्रम अन्तर्गत ब.शि.नं. २५५, २५६, २५७, २५८, २६०, २६१ र २६२ बाट भुक्तानी हुनेगरी दैनिक रु.८२०।० दिने निर्णय गरियो । | | | |
| | ६(क) | वातावरण संरक्षण ऐन, २०७६ तथा नियमावली २०७७ लागु भएपश्चात स्थानीय तहको अधिकारक्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित योजना, कार्यक्रम तथा आयोजना सम्बन्धी प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तथा संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी प्रतिवेदन तयारी तथा स्वीकृति स्थानीय तहबाटै हुने व्यवस्था रहेकोमा वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ को उपदफा (२) (ग) मा भएको व्यवस्था अनुसार तयार गरी पेश भएको संक्षिप्त वातावरणीय अध्ययन (BRIEF) तथा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यविधि, २०७७ लाई पारित गर्ने निर्णय गरियो । | वातावरण तथा विपद व्यवस्थापन महाशाखा | कार्यविधि पारित भइ कार्यन्वयन भइरहेको | |
| | ६(ख) | नेपाल क्षयरोग निवारण संस्था, मोरङ, विराटनगरलाई पूर्वाधार विकासको लागि मर्मतसम्भार शिर्षकबाट रु.२०,००,०००।० (बीस लाख) दिने गर्ने निर्णय गरियो । | आर्थिक प्रशासन/ शहरी पूर्वाधार | जग्गा उपलब्ध नभएकोले रकम दिन आवश्यक नभएको | |
| | ६(ग) | “छोरी बचाऊ, छोरी पढाऊ” अभियान अन्तर्गत यस महानगरपालिकाबाट उपलब्ध हुने प्रोत्साहन रकम माग गरी गत आ.व. २०७६/२०७७ मा पेश भइआएका निवेदनहरुलाई यस आ.व.मा उपलब्ध गराउने, तथा मिति २०७७/०८/१९, कार्यपालिका बैठक संख्या ७८ को निर्णयको सट्टा साविक शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा कार्यरत कर्मचारीहरुको नियमानुसारको तलबभत्ता पारिश्रमिक कर्मचारी शिर्षकबाट भुक्तानी दिने, साथै वारुणयन्त्रमा दैनिक ज्यालादारीमा विगतदेखि कार्यरत १ जना हवलदार (वारुणयन्त्र) लाई २०७८ असार मसान्तसम्म सेवा करार गर्ने निर्णय गरियो । | सामान्य प्रशासन/ आर्थिक प्रशासन | भुक्तानी दिइएको, करार गरिएको | |
| | ६(घ) | मिति २०७७/११/१० कार्यपालिका बैठक संख्या ८३ को निर्णयानुसार वीरेन्द्र सभागृह पूनर्निर्माणको लागि बोलपत्रको सम्बन्धमा प्राविधिक प्रस्ताव पूनः मूल्याङ्कन गर्ने निर्णय भएकोमा मूल्याङ्कन समितिको मिति २०७७/११/२१ को सिफारिस अनुसार ठे. | सहारी पूर्वाधार | आर्थिक प्रस्ताव खोलि स्वीकृतिका | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समानान्तर-जोशी-श्री बैंकटेश जे.भी.को प्राविधिक प्रस्ताव स्वीकृत गर्ने र नियमानुसार आर्थिक प्रस्ताव खोल्ने निर्णय गरियो । | | लागि पेश गरिएको | |
| | ६(ङ) | राष्ट्रिय महिला फुटबल लिगमा सहभागी विराटनगर महानगरपालिकाको टिमको लागि वडा नं. १ का वडा अध्यक्ष श्री उद्धव अर्याललाई मेयर कप फुटबल प्रतियोगिता शिर्षकबाट रु. ५ लाख र उपमेयर कप महिला प्रतियोगिता शिर्षकबाट रु. ४ लाख गरी पेश्की रु. ९ (नौ) लाख उपलब्ध गराइएको तथा विराटनगर महानगरपालिका वडा नं. ११ बस्ने लन टेनिस खेलाडी श्री प्रेरणा कोइरालालाई खेलमा प्रोत्साहन गर्न रु. २ लाख सहयोग गरिएको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो । | सामाजिक विकास महाशाखा | खर्च नियमित भएको | |
| | ६(च) | वडा नं. ४ र ५ सिमाना सडक जामुनेश्वर मार्ग सडक खण्ड अन्तर्गत नहरदेखि पश्चिम सखुवारे मार्गको मोड (खानेपानी ट्याङ्की) देखि सखुवारे मार्गको मोड (आइतवारे हटिया) सम्मको सडक खण्डको सडक अधिकार क्षेत्र १८ मि. कायम गर्न आगामी नगरसभालाई सिफारिस गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार | नगर सभामा पेश भएको | |
| | ६(छ) | मिति २०७७/१०/१२, कार्यपालिका बैठक संख्या ८१ को निर्णयमा आ.व. २०७६/०७७ मा राधाकृष्ण रथयात्रालाईृ व्यवस्थित गर्न नालामा स्लाब राख्न नगरप्रमुखको आदेश भए बमोजिम हुनुपर्नेमा आ.व. २०७५/०७६ हुन गएकोले संसोधन गरी आ.व. २०७६/०७७ गर्ने र अपर्झट कार्य गर्नुपर्ने भएको हुँदा ल.ई. स्वीकृत तथा कार्यादेश नभएको र प्रचलित सार्वजनिक खरीद ऐन, नियमावली बमोजिमको सम्पूर्ण विधि-प्रक्रिया पुऱ्याउन नसकिएकोले सम्पन्न भएको कामको प्राविधिक मूल्याङ्कनको आधारमा आर्ष कन्सट्रक्सन प्रा.लि.को बिल अनुसारको रु.४,९९,०११।५८ (मू.अ.क.सहित) र लक्की निर्माण सेवाको रु.४,९६,२४६।९४ (मू.अ.क.सहित) को नियमानुसार कट्टा गर्नुपर्ने कर कट्टा गरी मर्मत सम्भार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो । | शहरी पूर्वाधार/ आर्थिक प्रशासन | भुक्तानी भएको | |
| | ६(ज) | चालु आ.व. २०७७/०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेट अन्तर्गत संघ संस्थागत पुंजीगत योजनाहरु (पेज नं. १७६ सि.नं. ४१ मा गौशाला वडा नं. १४ को लागि रु. १० (दश) लाख विनियोजन भएकोमा उक्त बजेटलाई माग | सामाजिक विकास महाशाखा | नगर सभामा पेश भएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बमोजिम संसोधन गर्न आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो । | | | |
| | ६(झ) | विराटनगर महानगरपालिकाबाट जारी गरिएको स्थानीय तहमा स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०७५ को संसोधन प्रस्ताव साथै यातायात व्यवस्थापन कार्यविधि, २०७७ को मस्यौदालाई थप अध्ययन गरी छलफल गर्ने निर्णय गरियो । | स्वाथ्य/ राजश्व | थप अध्ययन भइ पेश भएको | |
| | ६(ञ) | दलित, पिछडिएको, विपन्न समुदायका जेहेनदार विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्य अनुरुप महानगर प्राविधिक शिक्षालयको सञ्चालक समितिको सिफारिसको आधारमा विराटनगर महानगरपालिकामा कुचिकारको रुपमा कार्यरत श्री प्रकाश मेहतरकी छोरी श्री सञ्जना राउतलाई उक्त शिक्षालयमा डिप्लोमा इन सिभिल इन्जिनीयरिङ पढ्नको लागि लाग्ने शुल्कमा ७५ प्रतिशत छुट दिने, साथै विराटनगर ३ स्थित श्री पोखरीया माध्यमिक विद्यालयलाई जुनियर रेडक्रस/युवा रेडक्रस सर्कल गोष्ठी कार्यक्रमका लागि विद्यालयबाट प्राप्त प्रस्तावका आधारमा खर्च हुनेगरी शिक्षा विकास कार्यक्रमतर्फको विपन्न विद्यार्थी पोशाक अनुदान शिर्षकबाट रु.३,२५,०००।० (तीन लाख पच्चिस हजार पाँच सय मात्र) अनुदान दिने निर्णय गरियो । | शैक्षिक प्रशासन | अनुदान दिइएको | |
| | ६(ट) | विराटनगर महानगरपालिका वडा नं. ५ (साविक बखरी ७क) पृथ्वी चोकदेखि दक्षिण पूर्व रहेको कि.नं. ९३ को ज.वि. ०-०-२२ ऐलानी जगा ५ नं. वडा कार्यालयको सिफारिस समेत संलग्न राखी वैदिक कर्मकाण्ड परिषद नेपालको माग बमोजिम उक्त संस्थालाई संरक्षण गर्न दिने निर्णय गरियो । | सामान्य प्रशासन | संग्रक्षण गर्न पत्र दिएको | |
| ८५, २०७७/११/२६ | १ | स्थानीय तहका लागि तयार गरिएको स्वास्थ्य संस्था संचालन निर्देशिका २०७५ को पहिलो संसोधन, २०७७ पारित गर्ने निर्णय गरियो । | स्वास्थ्य | कार्यन्वयन भइरहेको | |
| | २ | छैठौं नगरसभाबाट पारित ढल शुल्कमा हाउसहोल्ड (घर परिवारले उपयोग गर्ने भवन) को हकमा ५० प्रतिशत छुट दिने, साथै स्वास्थ्य क्लिनिक र ट्यूसन सेन्टरलाई अलग्गै वर्गीकरण गरी शुल्क निर्धारण गर्ने निर्णय गरियो । | राजश्व/ RUDP | स्वीकृत भएको शुल्क लागु भएको | |
| | ३ | आगामी सातौं नगरसभाको लागि प्रस्ताव तथा विविध विषयमा थप छलफल गर्न मिति २०७७/११/२७ गते दिउँसो ३:०० बजे बैठक बस्ने निर्णय गरियो । | प्रमुख प्रशासकीय अधिकृत | बैठक बसेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४ | भू-उपयोग कार्यान्वयन उपसमितिबाट तयार पारी पेश गरिएको भू-उपयोग कार्यविधि, २०७७ स्वीकृतिका लागि स्थानीय भू-उपयोग परिषदमा सिफारिस गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार | परिषदमा पेश गरिएको | |
| | ५ | मिति २०७७/१०/२३ गतेको नगर शिक्षा समितिबाट स्वीकृत विराटनगर महानगरपालिकाको स्थानीय पाठ्यक्रम **हाम्रो विराटनगर** लाई अनुमोदन गरी शैक्षिक सत्र २०७८ बाट कार्यन्वयनमा लैजाने निर्णय गरियो साथै सो पाठ्यक्रम प्रमाणीकरणको अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो । | शैक्षिक प्रशासन | स्थानीय पाठ्यक्रम लागु भएको | |
| | ६ | प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली बमोजिम तयार गरी पेश गरिएको विराटनगर महानगरपालिकाको **यातायात व्यवस्था कार्यविधि, २०७७** पारित गर्ने निर्णय गरियो । | राजश्व व्यवस्थापन | कार्यान्वयन भइरहेको | |
| | ७ | विराटनगर महानगरपालिकाबाट उपभोक्ता समितिमार्फत सञ्चालन हुने निर्माण कार्य र उपभोक्ता समितिलाई व्यवस्थित गर्न तयार गरी पेश भएको **भौतिक पूर्वाधार निर्माण उपभोक्ता समिति सम्बन्धी कार्यविधि, २०७७** पारित गर्ने निर्णय गरिएको । | शहरी पूर्वाधार | पारित कार्यविधि कार्यन्वयन भइरहेको | |
| | ८ | हुलाकी राजमार्ग सडकखण्ड अन्तर्गत विराटनगर क्षेत्रको हकमा सिंघिया खोलाको दुबैतर्फ हुँदै पुष्पलाल चोक, मानगढ मार्गबाट राजवंशी चोक वा दक्षिण रिङरोडमार्फत सडक विस्तार गर्न सडक विभागलाई अनुरोध गर्ने निर्णय गरियो । | शहरी पूर्वाधार | सडक विभागलाई अनुरोध गरियो | |
| | ९ | वडा नं. १७ को वडा कार्यालयसँगैको खेलमैदानको लागि अपुग जग्गा खरिदको लागि रु. ४० लाख बजेट पुस्तिकाको पाना नं. ५९, सि.नं. ५६ मा जग्गा खरिदका लागि विनियोजन भएको शिर्षकबाट व्यवस्थापन गर्ने र आवश्यक खरिद प्रक्रियामा जाने आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निर्णय गरियो । | सामान्य प्रशासन | कोभिड र श्रोतको अभावमा खरिद नभएको | |
| | १० | वडा नं. ७ धर्मभक्त मार्ग नाला तथा सडक निर्माणको लागि रु. ५० लाख विनियोजन भएको र उक्त योजना सञ्चालन गर्न अत्यावश्यक रहेको र सो रकम अपुग हुने हुँदा बहुवर्षिय योजना अन्तर्गत यस आ.व.को लागि रु. १ करोड बजेट आन्तरिक स्रोतबाट व्यवस्थापन गर्ने आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निर्णय गरियो । | शहरी पूर्वाधार | श्रोत व्यवस्थापन भएको | |

<table>
<tr><td></td><td>११</td><td>विगत २०६२ र २०७२ सालदेखि निरन्तर रुपमा भारी सवारी चालकको पदमा रही कार्य गरिरहेका देहायका सवारी चालक कर्मचारीहरुलाई २०७७
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नामथर</th><th>नियुक्ति/ पद</th><th>सेवा करार मिति</th></tr>
<tr><td>१</td><td>शर्मलाल तामाङ</td><td>भा.स.च. चौँथो</td><td>२०६२/०८/०७</td></tr>
<tr><td>२</td><td>गोपाल तामाङ</td><td>भा.स.च. चौँथो</td><td>२०६३/११/१८</td></tr>
<tr><td>३</td><td>प्रल्हाद कटुवाल</td><td>भा.स.च. चौँथो</td><td>२०६३/०४/१५</td></tr>
<tr><td>४</td><td>ठिठर राजवंशी</td><td>भा.स.च. प्रथम</td><td>२०७२/०१/२२</td></tr>
<tr><td>५</td><td>अजय कुमार राजवंशी</td><td>भा.स.च. प्रथम</td><td>२०७०/११/३०</td></tr>
<tr><td>६</td><td>कृष्ण प्रसाद दाहाल</td><td>भा.स.च. चौँथो</td><td>२०६२</td></tr>
</table>
साल चैत्र महिनादेखि लागू हुनेगरी नियुक्त भएको पद बमोजिमको तलबभत्ता उपलब्ध गराउने निर्णय गरियो ।</td><td>सामान्य प्रशासन/ आर्थिक प्रशासन</td><td>तलब भत्ता उपलब्ध गराइएको</td><td></td></tr>
<tr><td></td><td>१२</td><td>वार्षिक नीति, कार्यक्रम तथा बजेट आ.व. २०७७/०७८, पाना नं. ६५ (सि.नं. १०७) मा विनियोजित बजेटबाट मानवसेवा आश्रमलााई रु. १५ लाख, पूर्वाञ्चल बालसेवा आश्रमलाई रु. ७ लाख र  विराटेश्वर वृद्धाश्रमलाई रु. २,९३,५००।० उपलब्ध गराइएकोलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै, पाना नं. ७५ (सि.नं. २३८) मा विनियोजित बजेटबाट झटियाही युवा क्लबलाई क्रिकेट खेल सञ्चालन गर्न रु. २ लाख र मिल्स गोल्डकप फुटबल ट्रष्टलाई फुटबल खेल सञ्चालन गर्न रु. २ लाख सहयोग गर्ने निर्णय गरियो ।</td><td>सामाजिक विकास/ आर्थिक प्रशासन</td><td>उपलब्ध गराइएको</td><td></td></tr>
<tr><td></td><td>१३</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं. ११ र वडा नं. ६ बाट माग भइआएका देहाय बमोजिमको आयोजना सञ्चालन गर्ने निर्णय गरियो ।<br><u>वडा नं. ११</u></td><td>आर्थिक विकास महाशाखा</td><td>आयोजना कार्यान्वयन गरिएको</td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | (१) जनपथ मा.वि.को प्राङ्गणमा बगैंचा निर्माण, सरसफाई तथा मर्मतसम्भार<br>(२) अरुणोदय आधारभूत विद्यालयमा सरसफाई तथा मर्मतसम्भार<br>(३) वडाभित्र रहेको नहर साथै विभिन्न पिच सडकहरुको सरसफाई तथा मर्मतसम्भार<br>वडा नं. ६<br>(१) वडाभित्र रहेको नहर सरसफाई तथा मर्मतसम्भार<br>(२) वडाभित्र रहेका बाटाहरुको दुबैपट्टि वृक्षारोपण | | | |
| | १४ | विराटनगर महानगरपालका क्षेत्रभित्र अस्थायी हाटबजार पूर्वाधार उपयोग सेवा शुल्क संकलनका लागि आ.व. २०७६/०७६ को दररेट अनुसार सार्वजनिक सूचना प्रकाशन गरी आय ठेक्का लगाउने निर्णय गरियो । | राजस्व व्यवस्थापन | कोभिडका कारण ठेक्का नलागेको | |
| | १५ | वडा नं. ७ स्थित वीरेन्द्र सभागृहको दक्षिणपट्टि रहेको पार्क सञ्चालनका लागि न्यूनतम ठेक अङ्क मासिक रु. १,००,०००।० कायम गरी पहिलो पटक ठेक्का आह्वान गरिएकोमा कुनै पनि प्रस्ताव पर्न नआएको हुँदा न्यूनतम ठेक अङ्क मासिक रु. ५०,०००।० (पचास हजार) दर हुनेगरी वार्षिक ठेक्काको लागि सार्वजनिक सूचना आह्वान गर्ने निर्णय गरियो । | राजस्व व्यवस्थापन | कोभिडका कारण ठेक्का नलागेको | |
| ८६, २०७७/११/२७ | १ | आगामी सातौं नगरसभामा तपसिल बमोजिमका प्रस्तावहरु पारितका लागि पेश गर्ने निर्णय गरियाो । | प्रमुख प्रशासकीय अधिकृत | नगर सभामा पेश भएको | |
| | २ | मिति २०७७/१०/१४, बैठक संख्या ८२ को निर्णयानुसार विराटनगर महानगरपालिका क्षेत्रभित्र रहेका टोल विकास संस्थाहरुको व्यवस्थापन र महानगरपालिकासँगको समन्वयकारी भूमिकाको लागि आवश्यक कार्यविधि बनाउन श्री तिर्थेन्द्र न्यौपानेको संयोजकत्वमा गठित समितिले २०७७ फागुन मसान्तभित्र मस्यौदा पेश गर्न समायवधि तोकिएमा उक्त समयावधि २०७७ चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो । | सामाजिक विकास | म्याद थप भइ समितिले मस्यौदा पेश गरेको | |
| | ३ | महानगरपालिका अन्तर्गत रहेका सामुदायिक आधरभूत विद्यालयहरुमा विद्यार्थीहरुका लागि दिवा खाजा उपलब्ध गराउँदै आएकोमा धार्मिक विद्यालयहरु (आधारभूत) मा समेत दिवा खाजा उपलब्ध गराउने निर्णय गरियो । | शैक्षिक प्रशासन | उपलब्ध गराइएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४ | क्षेत्रीय सहरी विकास परियोजना (RUDP) को स्वीकृत Variation Order-3 को रकम तथा दररेटमा फरक नपर्नेगरी Quantity Adjustment गर्नुपर्ने मिति ५ जनवरी २०२१ मा भएको Minutes of Meeting को निर्णय बमोजिम प्राविधिक पुष्ट्याइँ सहित तयार भएको आन्तरिक Variation Order स्वीकृत गर्ने निर्णय गरियो । | RUDP | Variation order बमोजिम काम भएको | |
| | ५ | विगतदेखि विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको कृषि शाखामा १ जना र सहरी विकास तथा योजना महाशाखामा ५ जना स्वयंसेवकको रुपमा खटिदैं आइरहेकाहरुलाई प्राविधिकतर्फ दैनिक ज्यालादारीमा कार्य गराउने निर्णय गरियो । | सामान्य प्रशासन | ज्यालादारीमा कार्यरत रहेको | |
| | | | | | |
| ८७, २०७७/१२/२५ | १ | प्रदेश नं. १ को एक मात्र महानगर र प्रदेशको राजधानी समेत रहेको विराटनगर महानगरपालिकामा हालसम्म फोहोरमैलाको अन्तिम विसर्जन स्थलको अभावका कारण एकिकृत रुपमा फोहोरमैला व्यवस्थापन गर्न नसकिइरहेको अवस्थालाई मध्यनजर गर्दै एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्न आवश्यक जग्गा निःशुल्क व्यवस्थाको लागि महानगरपालिकाले अथक प्रयास गरेता पनि प्राप्त गर्न नसकेको र फोहोरमैला व्यवस्थापन केन्द्रको निर्माण अत्याश्यक भएकोले ५१औं कार्यपालिका बैठकद्वारा उपयुक्त जग्गा छनौट, सम्भाव्यता अध्ययन तथा व्यवस्थापनका लागि वडा नं. ३ का अध्यक्ष श्री विनोद कुमार बस्नेतको संयोजकत्वमा गठित समितिको प्रतिवेदन अनुसार सबैभन्दा उपयुक्त स्थान विराटनगर महानगरपालिका वडा नं. १६, साविक बखरी २(क) को कि.नं. ८५, ८६, ८७, २९१, २९२, १२५५ र सोसँग जोडिएको करिब १२ विगाहा १० कठ्ठा जग्गा प्राप्त गर्न उपयुक्त देखिएको हुँदा र विराटनगर महानगरपालिकाको आ.व.२०७७।०७८ को वार्षिक नीति, कार्यक्रम तथा बजेटमा जग्गा प्राप्ति शिर्षकमा बजेट विनियोजन समेत गरिएको हुँदा जग्गा प्राप्ति ऐन, २०३४ | वातावरण तथा विपद व्यवस्थापन | नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७८/०३/०७ को जग्गा प्राप्ति सम्बन्धी निर्णयबाट स्वीकृत भएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (संसोधित) को दफा ३(क) बमोजिम मुआब्जा र अन्य खर्च महानगरपालिकाले व्यहोर्ने गरी जग्गा प्राप्त गराइदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो। सोही ऐनको दफा ५ बमोजिम विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयका कर्मचारी ई.भरत कुमार न्यौपाने (सातौं तह) लाई उक्त जग्गा प्राप्ति गर्न प्रारम्भिक कारबाही चलाउने अधिकारी तोकिदिन समेत नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो। | | | |
| | २ | विराटनगर महानगरपालिका वडा नं. ७ स्थित वीरेन्द्र सभागृह पुनर्निर्माण तथा प्रबलिकरण कार्यको लागि मिति २०७६।११।२२ मा प्रकाशित बोलपत्र आह्वान (ठे.नं. **BMC/MOR/NCB/W-6/076/77**) सम्बन्धी सार्वजनिक सूचना भई **e-Bid** बाट दर्ता भएका बोलपत्रहरूको बोलपत्र मूल्याङ्कन समितिको मिति २०७७।१२।१४ को सिफारिस बमोजिम मिति २०७७।१२।१६ मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) बमोजिम सम्बन्धित बोलपत्रदाता तथा सरोकारवालाहरूको जानकारीका लागि आशयको सार्वजनिक सूचना प्रकाशित गरिएकोमा मिति २०७७।१२।२३ सम्म कुनै पनि दाबी विरोध नपरेकोले समानान्तर-जोशी-श्री बैंकटेश जेभीको रू.२३,००,३८,७०९।२७ (भ्याट सहित) को बोलपत्रलाई सर्वसम्मतिले स्वीकृत गरियो। | शहरी पूर्वाधार | स्वीकृत ठेक्का बमोजिम कार्यन्वयन भइरहेको | |
| | ३ | यस महानगरमा बढ्दो जनसङ्ख्या तथा शहरीकरणलाई दृष्टिगत गर्दै नगरको सर्वाङ्गीण दिगो विकास, विस्तार र पुनः निर्माण गरी नगरवासीहरूलाई आवश्यक सेवा र सुविधाहरू पुऱ्याउन तथा सर्वसाधरण जनताको स्वास्थ्य, सुविधा एवं आर्थिक हित कायम राख्ने उद्देश्य अनुरुप नगर विकास योजना तर्जुमा तथा सञ्चालन गर्न नगर विकास ऐन, २०४५ को दफा ४(२) बमोजिम नगर विकास समिति गठन गर्नको लागि उक्त ऐनको दफा ४.२.५ र ४.२.६ मा भएको व्यवस्था बमोजिमका सदस्यहरू मनोनयन गर्ने अधिकार नगर प्रमुखलाई दिने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार | नगर विकास समितिको गठन स्वीकृति प्राप्त नभएकोले सदस्यहरु मनोनयन नगरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४ | आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १ को मिति २०७७।१२।०९ को च.नं. ३८८ को प्राप्त पत्रानुसार अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० तथा प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ (पहिलो संसोधन समेत) बमोजिम आ.व.२०७८/०७९ को लागि बढिमा २ वटा आयोजना/कार्यक्रमको प्रस्ताव पेश गर्न आह्वान गरिए बमोजिम महानगरपालिकाको लागत सहभागिता तीस प्रतिशत रहनेगरी आयोजनाहरू छनौट गर्ने अधिकार प्रमुखलाई प्रत्यायोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार | आयोजना छनौट गरी पठाइएको | |
| | ५ | नेपालमा बहुदलीय शासन व्यवस्थाको पूनर्स्थापना पश्चात तत्कालीन विराटनगर उप-महानगरपालिकाको पहिलो मेयर (२०४९-२०५४) तथा संविधानसभा सदस्य र पूर्व राष्ट्रियसभा सदस्य समेत रहनुभएका श्री अशोक कोइरालाको मिति २०७७।१२।०५ मा भएको असामयिक निधनप्रति दु:ख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गर्न र उहाँको सम्मानमा प्रमुखस्तरीय निर्णय बमोजिम मिति २०७७।१२।०५ मा दिइएको सार्वजनिक विदालाई अनुमोदन गर्ने निर्णय गरियो। | सामान्य प्रशासन | सार्वजनिक विदा दिइएको | |
| | ६(क) | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२(२)(घ) बमोजिम सडक पूर्वाधार उपयोग सेवा शुल्क सङ्कलन गर्न महानगर प्रवेश विन्दुहरूबाट प्रवेश गर्ने सवारी साधनहरूबाट सङ्कलन हुने शुल्क असुलीका सम्बन्धमा चालू वर्षमा पटकपटक बोलपत्र आह्वान गर्दा पनि ठेक्का लाग्न नसकेको हुँदा विराटनगर महानगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको सिफारिस बमोजिम गत वर्षमा प्रकाशित सूचनाको न्यूनतम अङ्कलाई आधार मानी रू.५५,४४,४४०।० न्यूनतम ठेक्का अङ्क कायम हुनेगरी यस आ.व.को बाँकि अवधि र आगामी आ.व.को पूर्ण अवधिको लागि बोलपत्र आह्वान गर्ने सर्वसम्मतिले निर्णय गरियो। | राजश्व व्यवस्थापन | बोलपत्र आव्हान गरी ठेक्का व्यवस्थापन गरिएको | |
| | ६(ख) | महानगर क्षेत्रभित्र लाग्ने अस्थायी साप्ताहिक हाटबजारको बहाल बिटौरी शुल्क सङ्कलनका लागि | राजश्व व्यवस्थापन | बोलपत्र आव्हान गरेको तर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विराटनगर महानगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको सिफारिस अनुसार पाँचौ नगरसभाबाट पारित दररेट बमोजिम चालू आ.व.को बाँकि अवधि र आगामी आ.व.को पूर्ण अवधिको लागि आ.व.२०७६।०७७ मा प्रकाशित सूचनाको आधारमा न्यूनतम ठेक्का अङ्क रू.२९,५२,०००।० कायम गरी बोलपत्र आह्वान गर्ने सर्वसम्मतिले निर्णय गरियो। | | कोभिडका कारण ठेक्का व्यवस्थापन नभएको | |
| | ७ | विराटनगर महानगरपालिका वडा नं. ७, वीरेन्द्र सभागृहको दक्षिणमा रहेको इको-फाउन्टेन पार्क सञ्चालनको लागि सार्वजनिक दरभाउपत्र आह्वान गर्दा ठेक्का लाग्न नसकेकोले हाललाई ७ नं. वडा कार्यालयमार्फत सञ्चालनको व्यवस्थापन गर्न जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार | संचालन नभएको | |
| | ८(क) | यस विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा हालै सरुवा भई आउनुभएका श्री उमेश बस्नेतलाई स्वागत गरियो। | सामान्य प्रशासन | स्वागत गरियो, हाल कार्यरत | |
| | ८(ख) | महानगरपालिकामा व्यवसाय दर्ता भई विगत वर्षहरूदेखि नवीकरण बक्यौता रहेको रकम विगत ३ (तीन) वर्ष र चालू वर्षको असूल गरी नवीकरण वा लगतकट्टा गर्ने सर्वसम्मतिले निर्णय गरियो। | राजश्व व्यवस्थापन | निर्णय बमोजिम नविकरण तथा लगत कट्टा गरिएको | |
| | ८(ग) | विराटनगर महानगरपालिका वडा नं. ४, खारजी स्थित तारिणीप्रसाद कोइराला सञ्चारग्राम अगाडिको सडक पिच तथा नाला निर्माण गरिदिन रेडियो नेपाललाई अनुरोध गर्ने निर्णय गरियो। | शहरी पूर्वाधार | रेडियो नेपाललाई अनुरोध गरिएकोमा आयोजना स्वीकृत भइ आएको | |
| | ८(घ) | तत्कालीन विराटनगर उप-महानगरपालिकाको पहिलो मेयर (२०४९-२०५४) तथा संविधानसभा सदस्य र पूर्व राष्ट्रियसभा सदस्य समेत रहनुभएका विराटनगरका अभिभावक श्री अशोक कोइरालाको मिति २०७७।१२।०५ मा भएको असामयिक निधनप्रति दुःख व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो। | सामान्य प्रशासन | शोक व्यक्त गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८८, २०७७/१२/३० | १ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ बमोजिम विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले आ.व.२०७६/०७७ मा गरेको कार्य प्रक्रिया र उपलब्धिहरूको बारेमा स्वमूल्याङ्कन गरी प्रमुख प्रशासकीय अधिकृतले पेश गरेको प्रारम्भिक एकिकृत नतिजा उपर बैठकमा छलफल र विश्लेषण गरेर सम्बन्धित विषयक्षेत्रको यथार्थ अङ्कभार निर्धारण गरी स्वमूल्याङ्कनको अन्तिम नतिजा (कुल प्राप्ताङ्क ७२.७५ प्रतिशत) सर्वसम्मतिले अनुमोदन गरियो। | फोकल पर्सनः सरोज गौतम | नतिजा प्रकाशन गरियो | |
| | २(क) | विराटनगर महानगरपालिका वडा नं. ३ स्थित मानगढ मार्ग र वडा नं. ८ स्थित छाया मार्ग मर्मत कार्यको लागि सडक बोर्ड, नेपाललाई अनुरोध गर्ने मिति २०७७/११/२८ को विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णयलाई अनुमोदन गरियो। | शहरी पूर्वाधार | आयोजन स्वीकृत भइ आएको | |
| | २(ख) | महानगरपालिका क्षेत्रको फोहोरमैला व्यवस्थापन गर्न साझेदार संस्थाको रुपमा कार्य गरिरहेको वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल प्रा.लि. र जेभीको ५ वर्षे कार्यावधि आगामि २०७८ बैशाख मसान्तबाट समाप्त हुने हुँदा सार्वजनिक निजि साझेदारी अवधारणा बमोजिम तीन वटा क्षेत्र (उत्तरी क्षेत्र - वडा नं. १,२,३,४,५,१९, मध्ये क्षेत्र - वडा नं. ६,७,८,९,१०,११ र दक्षिण क्षेत्र - १२,१३,१४,१५, १६,१७,१८) छुट्याई प्रत्येक क्षेत्रको लागि छुट्टाछुट्टै प्रस्तावदाताहरूसँग नगरक्षेत्रमा उत्सर्जन हुने फोहोरमैलालाई वर्गीकरण, सङ्कलन, प्रशोधन समेत गर्नेगरी आगामि ५ वर्षका लागि व्यवस्थापनको प्रक्रियालाई अगाडि बढाउन १५ दिने आसयपत्र आह्वान गर्ने मिति २०७७/१२/२५ को प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो। | वातावरण तथा विपद व्यवस्थापन | तिन वटा क्षेत्रको लागि प्रस्ताव आव्हान गरिएको | |
| | २(ग) | विराटनगर महानगरपालिका र राष्ट्रिय खेलकुद परिषद, त्रिपुरेश्वरबीच विराटनगर महानगरपालिका वडा नं. ७ स्थित शहीद रङ्गशाला, मैदान सहित खेल पूर्वाधार सञ्चालन एवं व्यवस्थापन गर्न मिति २०७७ | शैक्षिक प्रशासन | महानगरपालिकाले खेल मैदान संचालन गरिरहेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | चैत्र २६ गते भएको दुई पक्षीय सम्झौतालाई सर्वसम्मतिले अनुमोदन गरियो। | | | |
| | २(घ) | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज)(१५) मा गाउँपालिका/नगरपालिकाको अधिकार अन्तर्गत विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापनको प्रावधान रहेको हुँदा आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८) सञ्चालन चालु शैक्षिक सत्र २०७७ देखि महानगरपालिकाका सबै विद्यालयहरूको कक्षा ५ को नगरस्तरीय वार्षिक परीक्षा सँगै सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। | शैक्षिक प्रशासन | परिक्षा संचालन भएको | |
| | २(ङ) | चालु आ.व.मा संघीय र प्रदेश सरकारबाट प्राप्त योजना/कार्यक्रमहरू सञ्चालनका लागि कार्यविधिले नतोकिएको हकमा लागत जनसहभागिता न्यूनतम १० प्रतिशत कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, सामुदायिक विद्यालय, परम्परागत धार्मिक विद्यालय (मदरसा, गुरुकुल लगायत) र मठ-मन्दिरलगायतका धार्मिक स्थलहरूमा योजना सञ्चालनका लागि लागत जनसहभागिता अनिवार्य नगर्ने निर्णय गरियो। | शहरी पूर्वाधार | स्वीकृत लागत सहभागिता लागु भएको | |
| | २(च) | गत आ.व.मा कार्य सम्पन्न हुन नसकी यस आ.व.मा दायित्व सरी आएका योजना/कार्यक्रमहरूको कार्य सम्पन्न गरिसक्नुपर्ने म्याद २०७८ जेठ १५ सम्म थप गर्ने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार/ योजना | म्याद थप अवधिसम्म आयोजना सम्झौता गरिएको | |
| | २(छ) | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि वडा नं. ६ अन्तर्गत देहाय बमोजिमका योजना/कार्यक्रमहरू थप गरी सञ्चालन गर्ने निर्णय गरियो।<br>१) ६ नं. वडा कार्यालय प्राङ्गणमा फलफूल बगैंचा निर्माण<br>२) लालीगुँरास टोलदेखि मङ्गलुबाबा टोलसम्म कच्ची सडक निर्माण<br>३) वडाभित्र रहेका सडकको किनारामा नाला निर्माण तथा मर्मत सम्भार<br>४) वडाभित्र रहेका पक्की नालाहरूको सरसफाई तथा मर्मत सम्भार<br>५) केशलिया नदीको सरसफाई साथै किनाराहरूमा वृक्षारोपण | आर्थिक विकास | स्वीकृत आयोजना संचालन गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ६) वडाभित्र रहेको विभिन्न पक्की सडकहरूको निर्माण तथा मर्मत सम्भार<br>७) वडाभित्रमा रहेको सामुदायिक विद्यालयहरूमा वृक्षारोपण | | | |
| | २(ज) | नयाँ वर्ष २०७८ को उपलक्ष्यमा सम्पूर्ण नगरवासीहरूमा सुस्वास्थ्य, सुख, शान्ति तथा समृद्धिको शुभकामना प्रदान गर्ने निर्णय गरियो। | सामान्य प्रशासन | शुभकामना आदान प्रदान गरिएको | |
| ८९, २०७८/०१/१० | १ | स्थानीय तहसँगको साझेदारीमा शहरी वन विकास कार्यक्रम अन्तर्गत वन तथा भू-संरक्षण विभागको ७०% र विराटनगर महानगरपालिकाको ३०% लागत साझेदारी रहनेगरी विराटनगर महानगरपालिका वडा नं. ४ मा स्मृति वाटिका निर्माण एवं व्यवस्थापन (आयोजनाको लागत रकम रु.२३,३२,७३४।०) र वडा नं. ८ र १२ मा सडक किनारा वृक्षारोपण एवं हरियाली प्रवर्द्धन (आयोजनाको लागत रकम रु.४०,९९,९१८।०) कार्यका लागि वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाण्डौ र विराटनगर महानगरपालिका, मोरङबीच भएको सम्झौतालाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो। | वातावरण तथा विपद व्यवस्थापन | सम्झौता बमोजिमका आयोजनाको वृक्षारोपण गरिएको | |
| | २ | विराटनगर महानगरपालिका क्षेत्रभित्रको फोहोरमैला व्यवस्थापन कार्य गर्न सार्वजनिक-निजि-साझेदारी अवधारणा बमोजिम ५ वर्षको लागि यस महानगरपालिका र वेष्ट मेनेजमेन्ट ग्रुप प्रा.लि. र जेभीबीच मिति २०७३/०२/०१ मा सम्झौता भई उक्त साझेदार संस्थाले कार्य गर्दै आइरहेकोमा यही २०७८ बैशाख मसान्तमा सम्झौता बमोजिमको कार्यावधि समाप्त हुने र आगामी दिनको लागि आवश्यक खरिद प्रक्रिया अगाडि बढिसकेको अवस्थामा प्रक्रियागत कार्यको लागि केही समय लाग्ने भएको हुँदा सम्झौतापत्रको बुँदा ख(२) अनुसार बढिमा ४ (चार) महिनाको लागि सम्झौताको म्याद थप गर्ने सर्वसम्मतिले निर्णय गरियो। | वातावरण तथा विपद व्यवस्थापन | ठेक्काको म्याद थप गरिएको | |
| | ३ | यस महानगरपालिकाको छैंठौ नगरसभाबाट आ.व.२०७७/०७८ मा विनियोजित बजेट शिर्षक नं. ३१११२ मेसिनरी तथा औजार (पुँजीगत) तर्फको रु.६० लाखबाट कार्यालयलाई आवश्यक कम्प्युटर, ल्यापटप, प्रिन्टर सेट लगायतका सामानहरू समेतको | आर्थिक प्रशासन | रकमान्तर गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | भुक्तानी दिन बजेट रकम अपुग भई कार्य सम्पादनमा बाधा परिरहेको हुँदा बजेट शिर्षक नं.२२२२१, मेसिनरी औजार मर्मतसम्भार तथा सञ्चालन खर्च शिर्षकमा विनियोजित रकममध्येबाट रु.७,००,०००।० र बजेट शिर्षक नं.२२३११, मसलन्द तथा कार्यालय सामग्री शिर्षकमा विनियोजित रकममध्यबाट रु.८,००,०००।० गरी जम्मा रु.१५,००,०००।० रकम बजेट शिर्षक नं.३१११२, मेसिनरी तथा औजार शिर्षकमा थप गर्न आगामी नगरसभाबाट अनुमोदन हुनेगरी रकमान्तर गर्ने सर्वसम्मतिले निर्णय गरियो। | | | |
| | ४ | समष्टिगत मार्गनिर्देशन, क्षेत्रगत मार्गनिर्देशन, क्षेत्रगत बजेट सिलिङ र आयोजना प्राथमिकिकरणको आधारमा मिति २०७८/०१/०९ मा बसेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त प्रतिवेदन उपर छलफल भयो। | योजना महाशाखा | छलफल भएको | |
| | ५(क) | शहरी विकास तथा भवन कार्यालय, मोरङ, प्रदेश नं. १ अन्तर्गत विराटनगर महानगरपालिका वडा नं. १५/१७, रानी भन्सार क्षेत्रमा सञ्चालित **Welcome Gate with Flyover Bridge Construction works** योजनाको ठेक्का सम्झौता समेत भइसकेको अवस्थामा **Flyover Bridge** को निर्माण कार्य अवरुद्ध हुँदै आएकोले **Flyover Bridge** र **Public toilet, Commercial shop, Information center** बनाउनेगरी निर्माण कार्य गर्नको लागि स्थान एकिन गरिदिन यस महानगरपालिकाम अनुरोध भइआएको हुँदा उक्त बमोजिमको पूर्वाधार निर्माणको लागि विराटनगर महानगरपालिका वडा नं. ६/११/९ स्थित घाँस चोकलाई छनौट गर्ने र यसअघि सो घाँसचोकमा यस महानगरपालिकाबाट प्रस्तावित आकाशे पुल **(Flyover Bridge)** वडा नं. ११/९ स्थित बसपार्क क्षेत्रमा निर्माण गर्ने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार | परिवर्तित स्थानमा आकाशे पुल बनाउने कार्यवाही भइरहेको | |
| | ५(ख) | विराटनगर महानगरपालिका वडा नं. ७ स्थित इको-फाउन्टेन पार्कको निर्माण कार्य तथा प्रक्रियामा भएको समस्या तथा जटिलतालका विषयका समाधानका लागि पूर्वाधार विकास समितिका संयोजक श्री देवेन्द्रराज पोखरेल (वडाअध्यक्ष, वडा नं. ४) को | शहरी पूर्वाधार | समस्या समाधान नभएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संयोजकत्वमा श्री मधुबाबु तिवारी (वडाअध्यक्ष, वडा नं. ७) र गोपाल पोखरेल (शहरी विकास तथा योजना महाशाखा प्रमुख) सदस्य रहनेगरी समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो। | | | |
| | ५(ग) | कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्रबाट सशर्त वित्तीय हस्तान्तरण अन्तर्गत ५०% लागत सहभागितामा कार्यक्रम सञ्चालन गर्न कोल्डरुम/पोर्टेबल कोल्ड च्याम्बर निर्माण (अनुमानित कुल लागत रु.२२ लाख) र कस्टम हायरिङ सेन्टर स्थापना (अनुमानित लागत रु.१ करोड) को लागि प्रस्ताव पेश गर्न अनुरोध गरे बमोजिम आगामी आ.व.मा उक्त अनुसारको म्याचिङ फण्ड विनियोजन गर्नेगरी लागत सहभागिताको प्रतिबद्धतासहित कार्यक्रमको लागि आशय पत्र पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। | आर्थिक विकास | आसय पत्र पेश गरिएको | |
| | ५(घ) | संघीय तथा प्रदेश सरकारबाट विशेष अनुदान लगायतका अन्य बजेट तथा कार्यक्रमहरू माग गर्ने प्रक्रियाको लागि पूर्वाधार विकास समितिका संयोजक श्री देवेन्द्रराज पोखरेलको अध्यक्षतामा अन्य सबै विषयगत समितिका संयोजकहरू सदस्य र शहरी विकास तथा योजना महाशाखा प्रमुख श्री गोपाल पोखरेल सचिव रहनेगरी समिति गठन गर्ने निर्णय गरियो। | शहरी पूर्वाधार | नगर सभाबाट विशेष अनुदान आयोजना सूचीकरण भएको | |
| | ५(ङ) | अप्पण विराटगढ परोपकार समाजलाई वडा नं. १८ को वडास्तरीय योजना/ कार्यक्रम अन्तर्गत बजेट पुस्तिकाको पाना ११९, क्र.सं. ५०३ मा आकस्मिक कोष शिर्षकमा विनियोजित रकममध्येबाट मैथिली लोक महोत्सव समारोहको लागि वडाको सिफारिसका आधारमा रु.१ लाख सहयोग गर्ने सर्वसम्मतिले निर्णय गरियो। | सामाजिक विकास | सहयोग दिइएको | |
| ९०, २०७८/०१/१४ | १ | मिति २०७७/१०/१४ मा बसेको ८२औं कार्यपालिका बैठकको निर्णयानुसार विराटनगर महानगरपालिका क्षेत्रभित्र रहेका टोल विकास संस्थाहरूको व्यवस्थापन र महानगरपालिकासँगको समन्वयकारी भूमिकाको लागि आवश्यक कार्यविधि बनाउन श्री तिर्थेन्द्र न्यौपानेको संयोजकत्वमा गठित समितिले तयार गरी पेश गरेको "विराटनगर | सामाजिक विकास | पारित कार्यविधि प्रमाणीकरण नभएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिकाको टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८" उपर छलफल भई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो। | | | |
| | २ | आगामी आ.व. २०७८/०७९ को वार्षिक बजेट तर्जुमा सम्बन्धी समष्टिगत मार्गनिर्देशन, क्षेत्रगत मार्गनिर्देशन, बजेटको कुल सीमा, आय-व्ययको अनुमानित विवरण र विषय क्षेत्रगत बजेट सिलिङ सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो। | योजना महाशाखा | स्वीकृत भए बमोजिम वडा र महाशाखालाई परिपत्र गरिएको | |
| | ३ | महानगरको दक्षिण क्षेत्रमा आगलागी हुँदा विराटनगर-३, पुष्पलाल चोक उत्तरमा रहेको वारुणयन्त्र इकाईबाट आगलागी भएको स्थानमा वारुणयन्त्र पुग्न समय लाग्ने भएकोले दक्षिण क्षेत्रको सहजताको लागि विराटनगर-१४ स्थित फोहोरपानी प्रशोधन केन्द्र **(Water Treatment Plant)** भएको स्थानबाट एक थान वारुणयन्त्र सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। | वातावरण तथा विपद व्यवस्थापन | भवनको अभावमा फोहोरपानि प्रशोधन केन्द्रबाट संचालन हुन नसकेको | |
| ९१, २०७८/०१/२६ | १ | नयाँ भेरिएन्टसहितको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण महानगरपालिका क्षेत्रमा समुदायस्तरमा तीब्र गतिमा फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै संक्रमण रोकथाम तथा नियन्त्रणका लागि हाल महानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट भइरहेको गतिविधि/प्रयासहरूमाथि समिक्षा तथा छलफल भयो। सम्भावित उच्च जोखिम रोकथाम, न्यूनीकरण तथा नियन्त्रणका लागि पिसिआर, एन्टिजेन टेस्ट तथा कन्ट्याक्ट ट्रेसिङको कार्य प्रभावकारी रुपमा चुस्त-दुरुस्त ढङ्गले गर्ने/गराउने र प्रदेश तथा संघीय सरकार र सरकारी तथा निजि अस्पतालहरूसँग समन्वय गरी संक्रमण रोकथाम, नियन्त्रण र संक्रमितहरूको उपचारको कार्यलाई प्रभावकारी बनाउन आवश्यक कार्य तथा पहल गर्ने सर्वसम्मतिले निर्णय गरियो। आइसोलेसन तथा क्वारेन्टाइन सञ्चालनको लागि विभिन्न सेवा सदन तथा संघसंस्थाहरूलाई सहयोग माग गर्ने निर्णय गरियो। | स्वास्थ्य महाशाखा | कोभिड नियन्त्रणका लागि विभिन्न क्रियाकलाप संचालन गरिएको | |
| | २(क) | महानगर आवास कार्यक्रम अन्तर्गत वडा नं. १२ मा अति विपन्न सकुम्वासीहरूको भवन संहिता नमूना | शहरी पूर्वाधार | स्वीकृत निर्देशिका लागु गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | वस्ती विकास निर्माण निर्देशिका, २०७८ संसोधनसहित सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो। | | | |
| | २(ख) | प्रदेश समपुरक योजना अन्तर्गत विराटनगर महानगरपालिका वडा नं. ४, सृष्टी मार्ग तथा मिलन मार्गको निर्माण सम्बन्धी कार्य ठेक्का प्रणालीबाट गर्न समय अभावका कारण सम्भव हुने नदेखिएको हुँदा उक्त कार्यहरू उपभोक्ता समितिमार्फत गर्ने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार | आर्थिक मामिला तथा योजना मन्त्रालयले सहमति नदिएको हुदाँ आयोजना कार्यन्वयन नभएको | |
| | २(ग) | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी श्री रवि राईलाई रू.३ लाख ऋण सापट कर्मचारी कल्याण कोषबाट उपलब्ध गराउने निर्णय गरियो। | सामान्य प्रशासन | ऋण उपलब्ध गराइएको | |
| | ३ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरू नगर प्रहरी हवलदार श्री सूर्य बहादुर घिमिरे र विद्युत हेल्पर श्री सुवास खड्काको क्रमशः मिति २०७८/०१/१८ र २०७८/०१/२१ मा भएको असमायिक निधनप्रति दुःख व्यक्त गर्दै मिति २०७८/०१/१९ र २०७८/०१/२३ मा दिइएको शोक विदाको प्रमुखस्तरीय निर्णयलाई सर्वसम्मतिले अनुमोदन गर्ने तथा उहाँहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण र शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो। | सामन्य प्रशासन | शोक विदा दिइएको | |
| ९२, २०७८/०२/२५ | १ | भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर, मोरङको मिति २०७८/०२/१८ प.सं.२०७७/०७८, च.नं.१३४४५ को प्राप्त पत्रबाट नगरक्षेत्रभित्र पर्ने घर जग्गाहरूको रजिष्ट्रेशन हुने लिखतहरूमा थैली अङ्क कायम प्रयोजनार्थ मालपोत नियमावली २०३६ को नियम ५(ख) बमोजिम आगामी आ.व.०७८/७९ को न्यूनतम मूल्याङ्कन तयार गर्नको लागि आ.व.०७७/७८ को मूल्यमा के कति थपघट गर्न सकिन्छ? भनी राय तथा विवरण माग गरिएको हुँदा आगामी आ.व.०७८/७९ मा चालु आ.व.०७७/७८ बमोजिमकै घरजग्गा रजिष्ट्रेशन न्यूनतम मूल्याङ्कन कायम हुन भुमिसुधार तथा मालपोत कार्यालयलाई राय पठाउने सर्वसम्मतिले निर्णय गरियो। | सामान्य प्रशासन | मालपोत कार्यालयलाई राय पठाएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २ | विराटनगर महानगरपालिकाको छैठौं नगरसभाको निर्णयानुसार आ.व.०७७/०७८ का योजनाहरूको सम्झौता कार्य २०७८ बैशाख मसान्तभित्र गरिसक्नुपर्ने भएकोमा नयाँ भेरिएन्टसहितको कोरोना भाइरस (कोभिड-१९) महामारीको असरले गर्दा सो बमोजिम हुन नसकेकोले योजनाहरूको सम्झौता अवधि २०७८ असार ७ गतेसम्म (अल्या योजना समेत) थप गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, सम्झौता भएका उल्लेखित योजनाहरूको कार्य गर्ने अवधि २०७८ असार २५ गतेसम्म कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। | योजना महाशाखा | थप अवधिसम्म योजना सम्झौता गरिएको | |
| | ३ | महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरूको भवन निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा लागत जनसहभागिता १०% कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार | स्वीकृत लागत सहभागिता कायम गरिएको | |
| | ४ | विराटनगर महानगरपालिका र राष्ट्रिय खेलकुद परिषद, काठमाण्डौबीच मिति २०७७/१२/२६ मा भएको सम्झौता अनुसार २०७८ बैशादेखि विराटनगर महानगरपालिका वडा नं.७ स्थित शहीद रङ्गशाला व्यवस्थापनको जिम्मा ५ वर्षको लागि विराटनगर महानगरपालिकाको भएको र उक्त रङ्गशालासँग जोडिएको सटर कवल, शौचालय र टिकट विक्रीबाट हुने आम्दानी रकमको बाँडफाँट सम्झौता बमोजिम हुने भएकोमा केही सटरको सम्झौता अवधि समाप्त भएकोले साविकमा ठेक्का लागेको रकम स्नुकर सटरको रू.६,०५०।० र अन्य सटरको रू.२,५५०।० (प्रति सटर मासिक भाडा) लाई न्यूनतम कोठा भाडा अङ्क कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। | राजश्व व्यवस्थापन | निर्धारित अंकमा भाडा दिएको | |
| | ५ | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ अनुसार महानगर क्षेत्रभित्र कवाडी, जडिबुटी, बनकस र मृत जीवजन्तु कर सङ्कलन गर्नका लागि नीजि क्षेत्र समेतको लगानी, विज्ञता र साझेदारी अवधारणा अनुरुप बोलपत्र प्रतिस्पर्धाबाट छनौट गरी कर सङ्कलन गर्न आ.व.२०७८/०७९ को लागि नगरसभाबाट स्वीकृत दररेट बमोजिम कवाडी, जडिबुटी, बनकस र मृत जीवजन्तु कर ठेक्कामा | राजश्व व्यवस्थापन | नयाँ ठेक अंकमा ठेक्का व्यवस्थापन गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लगाउन चालु वर्षको ठेक अङ्क रू.३०,२१,०००।० लाई न्यूनतम वार्षिक अङ्क कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। | | | |
| | ६ | वर्षातको समयमा हुनसक्ने सम्भावित डुबान नियन्त्रणका लागि विराटनगर महानगरक्षेत्रको पानी तथा ढल निकास गर्न र ढल तथा नालीको आवश्यक सरसफाईका लागि वित्तीय समानिकरणबाट रू.१५ लाख बजेट विनियोजन गरी खर्च गर्न स्वीकृत गर्ने र उक्त कार्य गर्दा सम्बन्धित वडा अध्यक्षसँग समन्वय गर्ने सर्वसम्मतिले निर्णय गरियो। | वातावरण तथा विपद व्यवस्थापन | ढल तथा नालाको सरसफाई गरेको, डुबान खुलाएको | |
| | ७ | ब्लड क्यान्सरबाट ग्रसित भई उपचाररत मकालु टेलिभिजनमा कार्यरत पत्रकार श्री कोमल प्रसाद पौडेलले तत्कालै बोनम्यारो प्रत्यारोपण गर्नुपर्ने भएको भनी आर्थिक सहयोग माग गरेको हुँदा निजलाई उपयुक्त शिर्षकबाट रू.५०,०००।० (पचास हजार) सहयोग रकम उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो। | आर्थिक प्रशासन | सहयोग रकम उपलब्ध गराएको | |
| ९३, २०७८/०३/०२ | १ | प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि वडा नं. १२ अन्तर्गत देहाय बमोजिमका योजना/कार्यक्रमहरू सञ्चालन गर्नेगरी सर्वसम्मतिले स्वीकृत गरियो।<br>१. अभिवादन टोलको कुलचन्द्र दाहालको घरदेखि दक्षिण पक्की नाला दुबैतर्फ नहरसम्म सरसफाइ गर्ने।<br>२. प्रगति टोल क, ख, ग र घ टोलमा सरसफाइ गर्ने।<br>३. महेन्द्र मोरङ आदर्श क्याम्पसदेखि दक्षिण दुबैतर्फ तेलिया पोखरीसम्म सरसफाइ गर्ने।<br>४. महेन्द्र मोरङ आदर्श क्याम्पस पश्चिम पक्की नाला लेखनाथ वाचनालयसम्म सरसफाइ गर्ने।<br>५. वडा नं. १२ को देवकोटा स्मारकदेखि पञ्चमुखी चोकसम्म पक्की नाला सरसफाइ गर्ने।<br>डिल्ली पोखरेलको घरदेखि पश्चिम उत्तर राम कोइरालाको घरसम्म दुबैतर्फ पक्की नाला सरसफाइ गर्ने। | आर्थिक विकास | स्वीकृत आयोजना कार्यन्वयन भएको | |
| | २ | विराटनगर महानगरपालिकाको नगर सभाको आठौं अधिवेशन मिति २०७८/०३/१० गते बिहान ७:४५ | प्रमुख प्रशासकीय अधिकृत | नगर सभा बैठक बसेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बजे कार्यालयको सभाहलमा सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो। | | | |
| | ३ | छैठौं नगरसभाबाट पारित आ.व.२०७७/०७८ को वार्षिक नीति, बजेट तथा कार्यक्रम अनुसार रहेका देहायका योजनाहरू आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निम्न बमोजिम संसोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>१) वडा नं. ३, वन कार्यालय/भूपी मार्ग जोड्ने मार्ग तुलसी न्यौपानेको बाटो नाला निर्माण (बजेट सि.नं.७२) को लागि विनियोजित रू.५,००,०००।० लाई संसोधन गरी वन कार्यालय उत्तरतर्फको असन मार्ग योजना सञ्चालन गर्ने।<br>२) वडा नं. ३, कमल टोल नाला निर्माण (बजेट सि.नं.७१) को लागि विनियोजित रू.५,००,०००।० लाई संसोधन गरी शुभकामना मार्ग ग्राभेल गर्न रू.३,००,०००।० र उपकार मार्ग रि.वाल तथा ग्राभेलको लागि रू.२,००,०००।० बजेट विनियोजन गर्ने।<br>३) वडा नं. ३, सम्राट मार्गमा नाल निर्माण (बजेट सि.नं.९४) को लागि विनियोजित रू.५,००,०००।० लाई संसोधन गरी बगैंचा मार्ग योजना सञ्चालन गर्ने।<br>४) वडा नं. ३, मूलघरे/सयपत्री मार्ग ग्राभेल (बजेट सि.नं.८६) को लागि विनियोजित रू.२,००,०००।० लाई संसोधन गरी उपकार मार्ग रि.वाल र ग्राभेल योजना सञ्चालन गर्ने।<br>५) बजेट पुस्तिकाको पाना नं. १५१ को सि.नं. १०४ मा ज्योति मार्गको शाखा सडक निर्माण क्रमागत शिर्षकमा रू.२०,००,०००।० विनियोजन भएकोमा उक्त योजनाको काम सम्पन्न भई रू.८,५०,०००।० मात्र खर्च भएको हुँदा बाँकि रकम साँध जोडिएको अरुण मार्गको लागि विनियोजन गर्ने।<br>६) वडा नं. १८, केशर घरदेखि फडानी चोकसम्म दुबैतर्फ नाला निर्माण तथा ढक्कन समेतको लागि रू.२०,००,०००।० विनियोजन भई उपभोक्ता समितिमार्फत कार्य गर्न सम्झौता समेत भएकोमा | शहरी पूर्वाधार/ योजना | संसोधित आयोजना कार्यान्वयन गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | साइट क्लियरेन्समा समस्या भई योजना सञ्चालन गर्न नसकिने भएको हुँदा उक्त योजनालाई संसोधन गरी झटियाही चोकदेखि फडानी चोक मार्गमा कालो पत्रे गर्ने योजना सञ्चालन गर्ने। | | | |
| ९४, २०७८/०३/०४ | १ | विराटनगर महानगरपालिकाको आ.व.२०७८/०७९ को वार्षिक नीति संसोधन तथा परिमार्जन सहित स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। | योजना महाशाखा | नगर सभामा पेश भएको | |
| | २ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी श्री भवानी अधिकारी (ना.सु./सहायक पाँचौ तह) लाई कर्मचारी कल्याण कोषबाट रू.३,००,०००।० (तीन लाख) रकम ऋण सापटी उपलब्ध गराउने निर्णय गरियो। | सामान्य प्रशासन/ आर्थिक प्रशासन | ऋण उपलब्ध गराएको | |
| ९५, २०७८/०३/०६ | १ | विराटनगर महानगरपालिकाको आर्थिक विधेयक, २०७८ लाई स्वीकृत गरी आगामी नगरसभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। | राजश्व व्यवस्थापन | नगर सभामा पेश गरेको | |
| | २(क) | छैठौं नगरसभाबाट पारित आ.व.२०७७/०७८ को वार्षिक नीति, बजेट तथा कार्यक्रम अनुसार रहेका देहायका योजनाहरू आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निम्न बमोजिम संसोधन गरी कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) वडा नं. ४, वडास्तरीय योजना अन्तर्गत बजेट पुस्तिकाको पाना नं. १०१, सि.नं.१४६ मा वडाका विभिन्न ठाउँमा बिजुली बत्ती मर्मत शिर्षकमा विनियोजित रू.३,००,०००।० र सि.नं.१५० मा विपद व्यवस्थापन शिर्षकमा विनियोजित रू.३,५०,०००।० रकम कोरोना भाइरस (कोभिड-१९) रोकथाम तथा नियन्त्रणका लागि आवश्यक सामग्री खरीद गर्ने।<br>(२) वडा नं. १८, बजेट पुस्तिकाको पाना नं.११९, सि.नं.५०३ मा आकश्मिक कोष शिर्षकमा विनियोजित रू.१०,००,०००।० मध्येबाट खर्च भई बाँकि रहेको रू.४,४९,०००।० रकम राधाकृष्ण मन्दिर भेडियारीको लागि विनियोजन गर्ने। | योजना महाशाखा | संसोधित आयोजना कार्यान्वयन गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (३) वडा नं. १९, बजेट पुस्तिकाको पाना नं.१२१, सि.नं.५४४ मा सार्वजनिक मा.वि.को बाटो क्रमागत शिर्षकमा विनियोजित रू.८,००,०००।० लाई संसोधन गरी रामजानकी सामुदायिक भवन योजना सञ्चालन गर्ने।<br>(४) वडा नं. १९, बजेट पुस्तिकाको पाना नं.१२१, सि.नं.५५५ मा शिवजी आ.वि.को बाटो शिर्षकमा विनियोजित रू.७,००,०००।० लाई संसोधन गरी रामजानकी सामुदायिक भवन योजना सञ्चालन गर्ने।<br>(५) वडा नं. १९, बजेट पुस्तिकाको पाना नं.१४७, सि.नं.६७ मा खद्रा टोलको नहरपूर्व खोरिया टोल शिर्षकमा विनियोजित रू.११,००,०००।० लाई संसोधन गरी रामजानकी सामुदायिक भवन योजनाको लागि खर्च गर्ने।<br>(६) वडा नं. १९, बजेट पुस्तिकाको पाना नं.१२२, सि.नं.१२२ मा सिंघिया घाट शिर्षकमा विनियोजित रू.९,००,०००।० लाई संसोधन गरी राधाकृष्ण प्रणामी मन्दिर योजना सञ्चालन गर्ने।<br>(७) वडा नं. १५, बजेट पुस्तिकाको पाना नं.११७, सि.नं.४६१ मा विपद व्यवस्थापनको लागि विनियोजित रू.५,००,०००।० लाई संसोधन गरी विद्युत सामग्री खरीद गर्न खर्च गर्ने।<br>(८) वडा नं. ९, वडास्तरीय योजना अन्तर्गत विपद व्यवस्थापनको लागि (पाना नं.१०८, सि.नं.२६९) विनियोजित रकममध्येबाट रू.५,००,०००।० विद्युत सामग्री खरीदको लागि खर्च गर्ने र रू.५,२०,०००।० सिद्धार्थ चोकमा वडा कार्यालय भवन निर्माणको लागि विनियोजन गर्ने।<br>(९) वडा नं. ११, वडास्तरीय योजना अन्तर्गत विपद व्यवस्थापन खर्च (पाना नं. ११०, सि.नं. ३४०) शिर्षकमा विनियोजित रकम मध्येबाट रू.१,००,०००।० विद्युत सामग्री खरीद र | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | रू.३०,०००।० वडा सरसफाईको लागि खर्च गर्ने।<br>(१०) वडा नं. १४, वडास्तरीय योजना अन्तर्गत विपद व्यवस्थापन खर्च (पाना नं. ११५, सि.नं. ४३७) शिर्षकमा विनियोजित रकम मध्येबाट रू.२,००,०००।० विद्युत सामग्री खरीदको लागि खर्च गर्ने।<br>(११) वडा नं. ७, बजेट पुस्तिकाको पाना नं.१७५, सि.नं.२७ मा सरस्वति मन्दिरको लागि विनियोजित रू.५,००,०००।० रकमलाई संसोधन गरी सरस्वति टोल चेम्बर नाला तथा ढलाइ बाटो योजनाको लागि खर्च गर्ने।<br>(१२) वडा नं. १४, वडास्तरीय योजना अन्तर्गत बजेट पुस्तिकाको पाना नं.११५ को क्र.सं.४२१ मा महतो टोल देवनारायण महतोको घर अगाडि पक्की कलभर्ट निर्माण शिर्षकमा विनियोजित रू.२,००,०००।० र क्र.सं. ४२२ मा कबीर कुटी अगाडिको ०-४-३ ऐलानी जग्गा घेराबारा गर्ने शिर्षकमा विनियोजित रू.२,००,०००।० लाई एकमुष्ट गरी देवनारायण महतोको घर अगाडि कलभर्ट निर्माण र ग्राभेल योजना सञ्चालन गर्ने। | | | |
| | २(ख) | विराटनगर महानगरपालिका वडा नं. ६ स्थित कि.नं.१ को जग्गामध्येबाट पूर्वमा कि.नं.२३४ र ११९ को जग्गादेखि पश्चिम, धुधुवा खोलादेखि पूर्व, केशलिया रोडदेखि उत्तरतर्फको १ कठ्ठा जग्गामा सार्वजनिक सामुदायिक भवन निर्माण गर्न नेपाल प्रजापति (कुम्भकार) संघले अनुमति माग गरेकोमा उक्त प्रताजपति समुदाय पिछडिएको गरिब तथा विपन्न समुदाय भएकोले उक्त जग्गा सरकारलाई आवश्यक परेको बखत फिर्ता हुनेगरी वा निर्माण सहितको घरजग्गा सरकारको स्वामित्वमा रहनेगरी सार्वजनिक सामुदायिक भवन निर्माण गर्न सहमति दिने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार/ सामान्य प्रशासन | भवन निर्माण सहमति पत्र दिएको | |
| | २(ग) | छैठौं नगरसभाबाट पारित आ.व.२०७७/०७८ को वार्षिक नीति, बजेट तथा कार्यक्रम अनुसार वडा नं. ८ अन्तर्गतका देहायका योजनाहरू आगामी नगरसभाबाट अनुमोदन हुनेगरी निम्न बमोजिम | योजना महाशाखा | संसोधित आयोजना कार्यान्वयन गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | संसोधन गरी कार्यान्वयन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) बजेट पुस्तिकाको पाना नं.१४६ को क्र.सं.४० (अनुसूची-घ) मा बालगोपाल मार्गदेखि छाया मार्ग जोड्ने रि.वाल शिर्षकमा विनियोजित रू.१०,००,०००। लाई संसोधन गरी अनुसूची-ख मा रहेको (पाना नं.१२७, क्र.सं.८१) नगेन्द्र ठकुरीको घरवाला बाटोमा आर.सि.सि. ढलान बाटो निर्माणको योजना सञ्चालन गर्ने।<br>(२) बजेट पुस्तिकाको पाना नं.१४६ को क्र.सं.४१ (अनुसूची-घ) मा संगम मार्ग र गीतामार्ग जोड्ने पिच तथा नाला शिर्षकमा विनियोजित रू.१०,००,०००। लाई संसोधन गरी नुर महम्मदको घर जाने बाटोमा आर.सि.सि. ढलान गर्ने योजना सञ्चालन गर्ने।<br>(३) वडास्तरीय योजना अन्तर्गत बजेट पुस्तिकाको पाना नं.१०६ को क्र.सं.२४३ मा कोभिड व्यवस्थापन शिर्षकमा विनियोजित रू.६,००,०००।०, पाना नं. १०७ को क्र.सं.२६२ मा वडा स्तरीय बाल क्लव तथा युवा विकास कार्यक्रम शिर्षकमा विनियोजित रू.२,००,०००।० र पाना नं.१०७ को क्र.सं.२६४ मा वडा स्तरीय विपत व्यवस्थापन शिर्षकमा विनियोजित रू.४,००,०००।० मध्येबाट रू.३,००,०००।० समेत गरी जम्मा रू.११,००,०००।० रकमबाट वडा कार्यालयलाई आवश्यक कम्प्युटर सेट र प्रिन्टर खरीद गर्ने तथा कार्यालय व्यवस्थापन (आलुमिनियम पार्टिसन) र विपद व्यवस्थापनको लागि समेत खर्च गर्ने।<br>(४) वडा स्तरीय योजना (अनुसूची-क) अन्तर्गत देहायका योजनाहरू सञ्चालन हुन नसकेकाले उक्त योजनाहरूलाई संसोधन गरी निम्न बमोजिमका योजनाहरू सञ्चालन गर्ने।<br>(क) पाना नं.१०६ को क्र.सं.२३५ मा विनियोजित रू.४,००,०००।० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ख) पाना नं.१०६ को क्र.सं.२४० मा विनियोजित रू.३,००,०००।०<br>(ग)पाना नं.१०६ को क्र.सं.२४२ मा विनियोजित रू.२,००,०००।०<br>(घ)पाना नं.१०७ को क्र.सं.२४४ मा विनियोजित रू.२,००,०००।०<br>(ङ)पाना नं.१०७ को क्र.सं.२४५ मा विनियोजित रू.२,००,०००।०<br>(च)पाना नं.१०७ को क्र.सं.२४६ मा विनियोजित रू.४,००,०००।०<br>(छ) पाना नं.१०७ को क्र.सं.२४७ मा विनियोजित रू.३,००,०००।०<br>(ज)पाना नं.१०७ को क्र.सं.२५२ मा विनियोजित रू.२,००,०००।०<br>(झ)पाना नं.१०७ को क्र.सं.२५३ मा विनियोजित रू.३,००,०००।०<br>(ञ)पाना नं.१०७ को क्र.सं.२५५ मा विनियोजित रू.३,००,०००।०<br>उपरोक्त बमोजिमका योजनाहरूमा विनियोजित रू.२८,००,०००।० बाट निम्नलिखित योजनारू सञ्चालन गर्नेः-<br>(१)तेलीपट्टीका लागि - रू.५,००,०००।०<br>(२)किशोर डङ्गोलको घर जाने बाटो - रू.४,००,०००।०<br>(३)विनय गजुरेलको बाटोमा नाला निर्माण - रू.२,००,०००।०<br>(४)रामप्रसाद राजवंशीको घर जाने बाटोमा कलभर्ट - रू.३,००,०००।०<br>(५)परमेश्वर यादवको घरछेउ र लक्ष्मीनारायण मन्दिर समेतमा कल्भर्ट निर्माण - रू.४,००,०००।०<br>(६)ध्रुब तामाङको घर जाने बाटोमा नाला निर्माण - रू.४,००,०००।०<br>(७)बद्रीनारायण मार्ग डिल्ली बहादुर कार्कीको घर अगाडि अधुरो पिच - रू.४,००,०००।० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (८)राजन श्रेष्ठको घर जाने बाटो - रू.२,००,०००।० | | | |
| ९६, २०७८/०३/०८ | १ | बजेट, कार्यक्रम सहितको विनियोजन विधेयक, २०७८ स्वीकृत गरी आगामी नगरसभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। | आर्थिक प्रशासन/योजना | नगर सभामा पेश भएको | |
| | २ | आगामी आ.व.२०७८/०७९ देखि लागु हुनेगरी तीन वर्षे मध्यकालीन खर्च संरचनाको आय-व्यय सर्वसम्मतिले स्वीकृत गरियो। | आर्थिक प्रशासन/योजना | MTEF प्रारम्भ गरिएको | |
| | ३ | आगामी नगरसभामा पेश गर्नेगरी महत्वपूर्ण नीतिगत निर्णयहरू सर्वसम्मतिले स्वीकृत गरियो। | योजना महाशाखा | नगर सभामा पेश भएको | |
| | ४ | विराटनगर महानगरपालिकाको छैठौं नगरसभाबाट पारित आ.व.२०७७/०७८ को लागि अनुसूची-"ख" अन्तर्गतका योजनाहरू कोरोना भाइरस (कोभिड-१९) महामारीको असरका कारण यस आ.व.मा सञ्चालन हुन नसकेको हुँदा आगामी आ.व.मा हुबहु सारी कार्यान्वयन गर्न सर्वसम्मतिले निर्णय गरियो। | योजना महाशाखा | नगर सभामा पेश भएको | |
| | ५ | परामर्शदाता संस्था स्कलर नेपाल प्रा.लि.ले प्रस्तुत गरेको विराटनगर महानगरपालिकाको डिजिटल नगर पार्श्वचित्र (सिटी प्रोफाइल) को अन्तिम प्रतिवेदन उपर छलफल भई आएका सुझावहरूलाई समेटी अन्तिम रुप दिनेगरी सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय गरियो। | राजश्व व्यवस्थापन | सिटि प्रोफाइल बनेको | |
| | ६ | विराटनगर ४ स्थित तारिणीप्रसाद कोइराला सञ्चारग्राममा महानगर एफएम सञ्चालनको लागि आवश्यक अध्ययन गरी अनुमानित लागतसहितको प्रतिवेदन तथा सञ्चालन कार्यविधि समेत बनाउनेगरी देहाय अनुसारको समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१) श्री देवेन्द्रराज पोखरेल - संयोजक<br>(२) श्री उद्धव अर्याल - सदस्य<br>(३) श्री विश्वनाथ भगत - सदस्य<br>(४) श्री मिनकुमार आचार्य - सदस्य<br>(५) श्री असलम आलम - सदस्य<br>(६) श्री सुशीला पोखरेल (ओझा) - सदस्य | सामाजिक विकास | एफ एम को लागि नगर सभामा बजेट प्रस्ताव गरेको | |
| | ७(क) | विराटनगर महानगरपालिका वडा नं. ४ स्थित श्री आधारभूत विद्यालय, कञ्चनबारीबाट आ.व.२०७७/०७८ का लागि यस | शैक्षिक प्रशासन | विद्यालय भवनलाई संसोधित नक्शा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | महानगरपालिकाबाट विद्यालय भवन निर्माण (फर्निचर सहित) कार्यक्रमका लागि स्वीकृत विद्यालय भवनको नक्सा (वर्ग ख) संसोधन गरी पाऊँ भनी मिति २०७७/१२/२९ को विद्यालय व्यवस्थापन समितिको निर्णय तथा वडा कार्यालयको मिति २०७८/०२/०२, च.नं.५४०५ को सिफारिस पत्र सहित पेश भई नगर कार्यपालिकाको कार्यालयका ईन्जिनीयर सुजनराज श्रेष्ठबाट स्थलगत निरीक्षण पश्चात प्राप्त प्रतिवेदन समेतका आधारमा भवन ऐन, २०५५ को दफा ११ को अधिकार प्रयोग गरी पेश भए बमोजिमको संसोधित नक्सा स्वीकृत गरी निर्माण गर्न अनुमति दिने सर्वसम्मतिले निर्णय गरियो। | | बमोजिम निर्माण गर्न अनुमति दिएको | |
| | ७(ख) | विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारी श्री कुशल बस्नेतलाई रू.२,००,०००।० (दुई लाख) ऋण सापटी कर्मचारी कल्याण कोषबाट उपलब्ध गराउने निर्णय गरियो। | सामान्य/ आर्थिक प्रशासन | ऋण सापटी दिएको | |
| | ७(ग) | छैठौं नगरसभाबाट चालु आ.व.को लागि विनियोजित वडा नं. २ को वडास्तरीय योजना अन्तर्गत बजेट पुस्तिकाको पाना नं.९७, क्र.सं.६५ मा सामाजिक सुधार कार्यक्रम (सातौं नगरसभाबाट संसोधन भएको) शिर्षकमा विनियोजित रू.१,००,०००।० र पाना नं.९७, क्र.सं.६७ सामाजिक कार्यक्रम शिर्षकमा विनियोजित रू.१,००,०००। रकम वडा कार्यालय व्यवस्थापन (एसी, फर्निचर, कम्प्युटर, प्रिन्टर लगायत खरीद गर्ने) को लागि खर्च गर्ने आगामी नगरसभाबाट अनुमोदन हुनेगरी सर्वसम्मतिले निर्णय गरियो। | योजना/ आर्थिक प्रशासन | कार्यक्रम संसोधन भइ कार्यन्वयन गरेको | |
| | ७(घ) | छैठौं नगरसभाबाट आ.व.२०७७/०७८ को वडा नं.१० को वडास्तरीय योजना अन्तर्गत पाना नं.१०९, क्र.सं.३११ मा राजश्व बाँडफाँट स्रोततर्फ सरसफाई कार्यक्रम शिर्षकमा विनियोजित रू.१०,००,०००।० मध्येबाट रू.२,००,०००।० भानु कला केन्द्र, रू.२,००,०००।० नारायण आधारभूत विद्यालय र सोलार खरीदको लागि रू.१,७२,०००।० रकम खर्च गर्ने आगामी | योजना/ आर्थिक प्रशासन | कार्यक्रम संसोधन भइ कार्यन्वयन गरेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | नगरसभाबाट अनुमोदन हुनेगरी सर्वसम्मतिले निर्णय गरियो। | | | |
| | ७(ङ) | छैठौं नगरसभाबाट पारित आ.व.२०७७/०७८ को वार्षिक बजेट पुस्तिकाको पाना नं.१४६, क्र.सं.५१ मा नयाँ गुद्रीदेखि उत्तरबाट पश्चिमतर्फ जाने बिकेभिएम स्कुल जाने सडकको नाला निर्माणको लागि विनियोजित रकम रू.५,००,०००।० वडास्तरीय बजेट शिर्षक नं.३३३ मा रकमान्तर गरी खर्च गर्ने आगामी नगरसभाबाट अनुमोदन हुनेगरी सर्वसम्मतिले निर्णय गरियो। | योजना/ आर्थिक प्रशासन | कार्यक्रम संसोधन भइ कार्यन्वयन गरेको | |
| ९७, २०७८/०३/३० | १ | मिति २०७७/१२/२५ मा बसेको ८७औं कार्यपालिका बैठकको निर्णयानुसार एकिकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणको लागि आवश्यक जग्गा प्राप्तिको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गरिएकोमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७८/०३/०७ को जग्गा प्राप्ति सम्बन्धी निर्णयबाट स्वीकृत विराटनगर महानगरपालिका, मोरङको साविक बखरी गा.वि.स. वडा नं. २, कि.नं. ८५, ८६, ८७, २९१, २९२, १२५५, १२९८, ८९६ र ८९७ बाट क्षेत्रफल ११-१-१६ (बिघा) जग्गा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। साविकमा रहेको ल्याण्डफिल साइट जग्गा छनौट तथा सिफारिस समितिको संरचनामा सम्बन्धित वडाध्यक्ष समेत सदस्य रहनेगरी जग्गा खरिद समन्वय तथा सहजिकरण समिति गठन गरियो। | वातावरण तथा विपद व्यवस्थापन | जग्गा प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालयबाट कार्यवाही प्रारम्भ भएको | |
| | २ | विराटनगर महानगरपालिका नगर कार्यपालिकाले सार्वजनिक निजि साझेदारी **(PPP)** मोडालिटीमा सञ्चालन गर्ने सबै किसिमका आयोजनाहरूको तयारी, सम्भाव्यता अध्ययन, प्रारम्भिक मूल्याङ्कन, विकास, लेखाजोखा, वार्ता, लिखत कागजात तयारी तथा प्रस्ताव छनौट गरी कार्यपालिकामा पेश गर्न र स्वीकृत आयोजनाहरूको खरिद, कार्यान्वयन, समन्वय, सहजिकरण र अनुगमन गर्न देहाय | योजना/ आर्थिक प्रशासन | PPP इकाई कार्यरत रहेको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बमोजिमको सार्वजनिक निजि साझेदारी एकाइ गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br>(१)संयोजक - श्री दीपक पौडेल, आर्थिक विकास महाशाखा प्रमुख<br>(२)सदस्य - ई.भरत कुमार न्यौपाने, परियोजना प्रमुख **(RUDP)**<br>(३)सदसय - ई.गोपाल पोखरेल, योजना तथा शहरी विकास महाशाखा प्रमुख<br>(४)सदस्य - ई.अर्जुन थापा, घरनक्सा शाखा प्रमुख<br>(५)सदस्यसचिव - श्री पुनम कुमार दाहाल, सामुदायिक विकास शाखा प्रमुख | | | |
| | ३ | दीगो शहरी यातायातका लागि कोशी राजमार्गको विराटनगर - धरान खण्ड सडकमा विद्युत्तीय बस सेवा **(e-BRT)** सञ्चालन सम्बन्धी आवश्यक पूर्व सम्भाव्यता अध्ययन गर्न र नगर विकास कोष एवम् सो सडकमा पर्ने सबै स्थानीय तहहरू समेतको समन्वयमा उक्त विद्युत्तीय बस सेवा निर्माण/सञ्चालन आयोजनाको लागि नगर विकास कोष, काठमाण्डौलाई अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार | नगर विकास कोषमा अनुरोध गरिएको | |
| | ४ | विराटनगर महानगरपालिका वडा नं. ९, हनुमानथान स्थित रहेको महानगरपालिकाको जग्गा, क्षेत्रफल ०-२-१०-३ (बिघा) मा स्मार्ट पार्किङ **(Smart Parking)** आयोजनाको विस्तृत परियोजना प्रतिवेदन **(DPR)** तयारी गर्ने तथा उक्त आयोजना निर्माण गर्न नगर विकास कोष, काठमाण्डौलाई अनुरोध गर्ने सर्वसम्मतिले निर्णय गरियो। | शहरी पूर्वाधार | नगर विकास कोषमा अनुरोध गरिएको | |
| | ५ | मिति २०७७/११/२२ मा बसेको ८४ औं कार्यपालिका बैठकबाट विराटनगर महानगरपालिका क्षेत्रमा व्यवस्थित वस्ती विकास गर्न ल्याण्ड पुलिङ **(Land Pooling)** को लागि आवश्यक अध्ययन गर्ने निर्णय भए बमोजिम परामर्शदाता **One World IT and Civil Services Pvt. Ltd., Biratnagar** ले पेश गरेको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन सर्वसम्मतिले स्वीकृत गरियो। उक्त प्रतिवेदन बमोजिम प्राथमिकताको आधारमा पहिलो चरणमा **Site 2** विराटनगर महानगरपालिका वडा नं. ५ र ६, ४३२ | शहरी पूर्वाधार | नगर विकास कोषमा अनुरोध गरिएको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | हेक्टर जग्गामा ल्याण्ड पुलिङ गर्न विस्तृत परियोजना प्रतिवेदन **(DPR)** लगायत अन्य आवश्यक कार्यको खरिद प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो। साथै, उक्त ल्याण्ड पुलिङ आयोजनाका लागि आर्थिक सहयोग गर्न नगर विकास कोषसँग अनुरोध गर्ने निर्णय गरियो। | | | |
| | ६ | पूर्व स्वीकृत नलिई निर्माण भएका घर, टहरा, गोदाम तथा संरचनाहरू अभिलेखिकरण गरी नियमन गर्ने उद्देश्यले सूचिकृत हुन शर्त तथा मापदण्ड तोकी प्रतिवर्ग फिट रू.३।५० नक्सापास दस्तुर लिई घरनक्सा अभिलेखिकरण गर्ने कार्यको समय सीमा २०७८ असार मसान्तसम्म रहेकोमा कोभिड-१९ महामारीका कारण उक्त काम बाँकि नै रहेको हुँदा सोको समयावधि आगामी २०७८ चैत्र मसान्तसम्म थप गर्ने निर्णय गरियो। साथै, संसोधित घरनक्सा सूचिकरण/अभिलेखिकरण शर्त तथा मापदण्ड स्वीकृत गरियो। | शहरी पूर्वाधार | म्याद थप भइ कार्यन्वयन भइरहेको, स्वीकृत मापदण्ड लागु भएको | |
| | ७ | विराटनगर महानगरपालिका क्षेत्रभित्र कोभिड-१९ विरुद्धको खोप कार्यक्रमलाई पूर्ण रुपमा विद्युत्तीय तथ्याङ्क व्यवस्थापन गर्ने साथै सोको लागि स्वास्थ्य सेवा विभाग, **WHO (Country office Nepal)** र **UNDP (Country office Nepal)** लाई सहयोगको लागि अनुरोध गर्ने समेत सर्वसम्मतिले निर्णय गरियो। | स्वास्थ्य महाशाखा | विद्युतीय तथ्यांक लागु भएको | |